# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क १५, पूर्णाङ्क २१० | २०७६ असोज १ गते बुधवार | Wednesday, 18 Sep 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## कुमाल र भट्ट अदालतको आदेशमा रिहालगत्तै गिरफ्तार



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका गोरखा जिल्ला इन्चार्ज योगेन्द्र कुमाल र सेक्रेटेरी कपिल भट्टलाई सर्वोच्च अदालतको आदेशमा रिहा भएलगत्तै केपी-बादल गृह प्रशासनले पुनः गिरफ्तार गरेको छ। बिहीबार सर्वोच्चको आदेशमा रिहा भएका दुवै नेतालाई कानुनको उपहास हुने गरी सरकारबाट गिरफ्तार गरिएको आरोप उनीहरूका परिवारले लगाएका छन् ।

बन्दी प्रत्यक्षीकरणको रिटमा न्यायाधीश ईश्वरीप्रसाद ... बाँकी पृष्ठ ७ मा

## मध्यरातमा तीनवटा डोजरमा आगो



**म्याग्दी** : बगुवाखोलामा तीनवटा डोजरमा आगजनी गरिएको छ । म्याग्दीको बेनी नगरपालिका ५ बगुवाखोलामा राखिएका तीनवटा डोजरमा अपरिचित शक्तिले बुधबार राति १२ बजे आगो लगाएको हो ।

निर्माण व्यवसायी सङ्घ म्याग्दीका अध्यक्ष नारायण जीसीको ... बाँकी पृष्ठ ७ मा

## वडा कार्यालय भवनमा बम प्रहार




**रोल्पा** : सुनिल स्मृति गाउँपालिका वडा नं. ७ को वडा कार्यालय भवनमा आगजनी भएको छ । सुनिल स्मृति ... बाँकी पृष्ठ ७ मा

# बिचौलियाको कब्जामा राज्य

## भ्रष्टाचारको पोल खुल्ने डरले विप्लव नेकपादेखि काङ्ग्रेससम्म आक्रमण



विष्णु पौडेल | अजय कुमार सुमार्गी | दिपक मलहोत्रा | शारदा अधिकारी | नरेश कुमार थापा

■ **रातो खबर संवाददाता**/काठमाडौं

'शान्ति, विकास र समृद्धि' आकर्षक नारा पस्केर जनताको मतपत्र प्रभावित गरेको केपी वली नेतृत्वको सरकार चुनावी घोषणापत्रमा व्यक्त प्रतिबद्धताबाट विचलित भएको छ । सरकारले दोहोरो भिडन्तका नाममा तीनजनाको हत्या गरेर देशलाई गृहयुद्धतिर धकेल्न चाहेको हो कि भन्ने प्रश्न उठेको छ। सामाजिक असुरक्षा भयावह भएको छ । महिला हिंसा बढेको छ। दिनहुँ हत्याहिंसाका घटना बढेका छन् । सरकारमा रहेको दल र त्यसका कार्यकर्ताहरू आफ्नो भ्रष्टाचार र राष्ट्रघातको पोल खुल्ने त्रासका कारण विप्लव नेतृत्वमाथि प्रतिबन्ध हुँदै संसद्को प्रमुख प्रतिपक्ष काङ्ग्रेसमाथि आक्रमणसम्म पुगेको छ।

सरकार शान्तिको नाराभित्र फासिवादको अभ्यास गरिरहेको चारैतिरबाट आरोपित भएको छ। सरकारले ५० प्रतिशत पनि विकास खर्च गर्न सकेको छैन। चौतर्फी भ्रष्टाचार छ। आर्थिक अवस्था देश नै टाट पल्टिने अवस्थामा छ । वैदेशिक लगानी झन्झन् घटेको छ। देश झन्झन् परनिर्भर भएको छ र आर्थिक प्रणाली ध्वस्त भएको छ।

सत्तारूढ दलका अध्यक्ष तथा पूर्वप्रम पुष्पकमल दाहालका व्यापारिक सहकर्मी तथा कृपापात्र अजयकुमार सुमार्गीले युरोपबाट अपारदर्शी रकम भित्र्याएको र त्यो कालो धनलाई सेतो बनाउने प्रपञ्च भएको आरोप लागिरहेको बेला यतिबेला उनी लाभकर छलीको अर्को मुद्दा झेलिरहेका छन् । सुमार्गीले नेपाल स्याटेलाइट टेलिभिजनको ७५ प्रतिशत सेयर बिक्री गर्दा करोडौँ लाभकर छली गरेको ठूला करदाता कार्यालयको आरोप छ । कार्यालयका अनुसार सुमार्गीले ४ अर्ब ३५ करोड राजस्व छली गरेका हुन् । सुमार्गीले नेपाल दूरसञ्चार प्राधिकरणलाई नवीकरण र लाभांशबापत तिर्नुपर्ने ९० करोड रूपैयाँ नतिरेका कारण प्राधिकरणले सुमार्गी स्वामित्वको उक्त टेलिकमको इजाजतपत्र (लाइसेन्स) रद्द गरेको थियो। सत्तारूढ दलका दोस्रो नम्बरका अध्यक्ष प्रचण्ड निवासका मालिक शारदा अधिकारी स्वामित्वको शैलुङ कन्स्ट्रक्सनले २०७४ असोज ३० गतेभित्र काम सम्पन्न गर्ने गरी त्रिपुरेश्वर-कलङ्की-नागढुङ्गा १२.४ कि.मि. सडक स्तरोन्नति ठेक्का लिएको हो। समयमा काम नसकेपछि प्रचण्डको आशीर्वादमा २ वर्ष म्याद थपियो । त्यो बाँकी पृष्ठ ७ मा

## पाँचथर सेक्रेटरीको गिरफ्तारीप्रति नेकपाको आक्रोश

■ **गोपाल गिरी**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी मेची-कोसी ब्युरोले पार्टीका पाँचथर जिल्ला सेक्रेटरी विजय नेम्बाङलाई प्रहरीले डकैती शैलीमा गिरफ्तार गरेको भन्दै आक्रोश व्यक्त गरेको छ । ब्युरो इन्चार्ज अनुले विज्ञप्ति प्रकाशित गरी आक्रोश व्यक्त गरेकी हुन् ।

उनले विज्ञप्तिमा भनेकी छिन्, 'केपी-पीके नेतृत्वको सामाजिक फासिवादी दलाल सरकारका प्रहरी र क्रान्तिविरोधी गतिविधि गरिरहेका केही सुराकीहरूले हाम्रो पार्टीका मेची-कोसीब्युरो सदस्य एवम् पाँचथर जिल्ला सेक्रेटरी क. विजय नेम्बाङलाई यही भदौ २४ गते मङ्गलबार सङ्गठनात्मक कामका क्रममा रहेको बेला आफ्नै कार्यक्षेत्र पाँचथर जिल्लाबाट डकैत शैलीमा गिरफ्तार गरेकोप्रति हाम्रो ध्यानाकर्षण भएको छ।'

अनुले विज्ञप्तिमा भनेकी छिन्, 'हाम्रो पार्टी दलाल पुँजीवादी सामाजिक फासिवादी सत्ताका विरुद्ध सङ्घर्षरत रहेको छ। निश्चय नै यो वर्गसङ्घर्षको प्रक्रियामा आम उत्पीडित वर्ग समुदाय र सचेत नागरिकहरूको तत्काले वर्तमान दलाल सत्ताविरुद्ध भीषण आन्दोलनको प्रक्रियामा सहभागिता जनाउनेछन्। त्यसो हुँदा यो आन्दोलन नेपालका सेना, प्रहरीहरूको पनि र राज्यको लुटको सिकार भइरहेका सबै नागरिक र देशभक्त नेपालीहरूको साझा विषय हो। यसमा सबै उत्पीडित र उपेक्षितहरूको अपनत्व सुरक्षित हुनेछ भन्ने विषय सुस्पष्ट छ।'

विज्ञप्तिमा भनिएको छ, 'निश्चय नै वर्गसङ्घर्षको प्रक्रियामा दलाल र भ्रष्टहरूको लुटको संसार जोगाउन मद्दत गर्नलाई आफ्नो निश्चित स्वार्थ पूरा गर्नलाई छट्पटिएका केही क्रान्तिविरोधीहरूको झुण्ड तयार हुन्छ र उनीहरू सत्ताको मतियारी गर्न पुग्छन्। आफ्नो वर्ग, क्रान्तिको प्रक्रिया, बलिदानीको मूल्य एकाएक बिर्सिएर दुस्मनको चाकडी गर्दै ... बाँकी पृष्ठ ७ मा

## नेकपा नेता पुष्करसहित चारजनालाई सर्वोच्चमा उपस्थित गराइँदै



■ **रातोखबर संवाददाता**/काठमाडौं

बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथिको बहसपछि सर्वोच्च अदालतले नेपाल कम्युनिस्ट पार्टीका नेताहरू घनश्याम श्रेष्ठ 'पुष्कर', कृष्णकुमार श्रेष्ठ 'प्रज्वल' र माधव गौतमसहित चारजनालाई तीन दिनभित्र अदालतमा उपस्थित गराउन आदेश दिएको छ। अदालतको आदेशपछि तीनजनालाई बुधबार सर्वोच्च अदालतमा उपस्थित गराइन लागेको पारिवारिक स्रोतले जनाएको छ।

गत मङ्गलबार भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथिको बहसपछि अदालतले बन्दीसहित लिखित जबाफ पेस गर्न आदेश दिएको हो । सरकारले गैरकानुनी रूपमा पटकपटक गिरफ्तार गरी गैरन्यायिक ढङ्गबाट प्रहरी हिरासतमा राखेको भन्दै कृष्णकुमार श्रेष्ठ 'प्रज्वल', घनश्याम ... बाँकी पृष्ठ ७ मा

## प्रतिबन्धका बावजुद सङ्गठन विस्तार गर्दै सम्पर्क मञ्च

■ **झनक श्रेष्ठ**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टी निकट गणतान्त्रिक सम्पर्क मञ्चले सरकारी दमन र प्रतिबन्धका बावजुद पनि सङ्गठन निर्माणको कामलाई तीव्रता दिएको बताएको छ । अहिलेसम्म विभिन्न ४५ जिल्लामा सङ्गठन विस्तार र निर्माण गर्दै आगाडि बढेको सम्पर्क मञ्चले जनाएको छ।

यसैविच इलाम काठमाडौ सर्म्पक मञ्चको भेला सम्पन्न भएको छ। भेलामा मन्चका अध्यक्ष रत्न मगर उपस्थित थिए । यस्तै खेम प्रधानको अध्यक्षतामा काठमाडौं-खोटाङ्ग सम्पर्क समिति गठन भएको छ भने सुर्खेत सोलुको भेला गर्ने तयारी रहेको मञ्चको भनाइ छ। अन्य भेला भएका जिल्लाहरुमा बैठक बस्ने क्रम चलिरहेको बताइएको छ।

देशका सबै जिल्लाहरुका भेला सम्मेलन सम्पन्न गरेपछि राष्ट्रिय सम्मेलन गर्ने योजना रहेको मञ्चले जनाएको छ। मञ्चको अध्यक्ष रत्न मगरले गाउँ र शहरका जिल्ला जोड्ने र क्रान्तिलाई अगाडि बढाउने ... बाँकी पृष्ठ ७ मा

## फासिवादको एक मात्र विकल्प वैज्ञानिक समाजवाद : पुन

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका नेता ओमप्रकाश पुनले आफ्नो पार्टी निरन्तर क्रान्तिको बाटोमा रहेको भन्दै सरकारले आफ्नो असफलता छोप्नका लागि आत्तिएर नेकपामाथि प्रतिबन्ध लगाएको बताएका छन् ।

दलाल पुँजीवादी व्यवस्थालाई ध्वस्त पारी त्यसको ठाउँमा वैज्ञानिक समाजवाद स्थापना गर्ने आफ्नो पार्टीको एक मात्र उद्देश्य भएको बताउँदै नेता पुनले आफ्नो पार्टी प्रचण्ड-बाबुरामजस्तो यही व्यवस्थामा हिस्सा खोज्ने गद्दारी गर्ने पक्षमा नरहेको स्पष्ट पारेका छन् । नेता पुनले वार्ता षड्यन्त्र मात्र भएको र यसबाट क्रान्ति नहुने पनि बताएका छन् ।

नेता पुनले अवसरवादी विचार बोकेकाहरू पार्टीबाट भाग्नु र आत्मसमर्पण गर्नु क्रान्तिको



नियमभित्रै भएको भन्दै दुईचारजनाले पार्टी छोडेर भागेमा आफूहरूलाई केही फरक नपर्ने बताए। उनले क्रान्तिमा व्यक्ति आउने-जाने कुराले त्यति अर्थ नराख्ने भन्दै विचारको श्रेष्ठता ... बाँकी पृष्ठ ७ मा

## बहसमा एकीकृत जनक्रान्ति

"कुनै पनि क्रान्तिको बाटो सुरुदेखि नै पूरापूर देख्न सकिँदैन र अनेकपटक अन्धकारमा पाइला चाल्नु पर्नेछ। अँध्यारामा छामछाम-छुमछुम गर्नुपर्नेछ तर अघि लम्कने तरिकाचाँहि यही नै हो।"

लेनिन, क. गोन्जालोका विचारहरू, पेरूको क्रान्ति समर्थक समिति, नेपाल २०४९ पुस

(क) पृष्ठभूमि

नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनले नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम 'वैज्ञानिक समाजवाद' र सो कार्यभार पूरा गर्ने पथ (बाटो) 'एकीकृत जनक्रान्ति' पारित गऱ्यो । २०७३ सालमा रोल्पा जिल्लाको हिमाली गाउँ थबाङमा भएको सोही महाधिवेशन पछि ने.क.पा.को कार्यदिशा र वैज्ञानिक समाजवादी क्रान्ति बहसमा छन् । नेपाली कम्युनिस्ट आन्दोलनमा 'नयाँ जनवाद' वैचारिक रूपमा मात्र होइन, एक स्तरको आदत (संस्कार) बनिसकेको अवस्थामा त्यसप्रकारको निर्णयले थुप्रै प्रश्न र जिज्ञासाहरू पैदा भएका छन्।

राजनीतिक लक्ष्य वा क्रान्ति सम्पन्न गर्नका लागि अपनाइने विधिलाई कार्यदिशा भनिन्छ जसले पुरानो सत्तालाई क्रान्तिकारी सङ्घर्षको माध्यमले विस्थापित गर्दछ । कार्यदिशा निर्माणमा सार्वभौम पक्ष र सम्बन्धित देशका विशिष्टताहरू दुवैको एकत्व आवश्यक रहन्छ। आज विश्वका कम्युनिस्टहरूले रुस, चीन र क्युबामा प्रयोग भएका कार्यदिशासम्बन्धी अनुभवहरूलाई नै आत्मसात गरिरहेको देखिन्छ । तर ऐतिहासिक अनुभवको यान्त्रिक प्रयोग मात्रै पर्याप्त हुँदैन । हरेक देशका आफ्नै खालका विशिष्ट पक्षहरू हुन्छन् र समयले त्यसमा थप विशिष्ट अवस्था पैदा गर्दै गएको हुन्छ । यसो भन्दा मार्क्सवाद-लेनिनवाद-माओवादलाई अझ दरिलोसँग समात्न आवश्यक छ । अधिभूतवाद, कठमुल्लावाद र दक्षिणपन्थी संशोधनवाद सबैबाट मुक्त चेतना आजको आवश्यकता हो ।

(ख) नेपाली मौलिकता र हाम्रो बुझाइ

**देश/परिवेश**

■ अनिल शर्मा 'विरही'



आज विश्व न परम्परागत सामन्तवादको अवस्थामा छ न त साम्राज्यवाद लेनिनकै समयको अवस्थामा रहिरहेको छ । विज्ञान र प्रविधिमा आएको विकास र वर्गसङ्घर्षले (भौतिक विज्ञान र समाज विज्ञानको अवस्थाले) सामन्तवाद थङ्थिलो भएको छ र त्यसले साम्राज्यवादसमक्ष आत्मसमर्पण गरेको छ । पुँजीवादले ...क्रमशः पृष्ठ ३ मा

वर्ष ५, अङ्क १५, पूर्णाङ्क २१०
रातो खबर साप्ताहिक

## सम्पादकीय

# धरापमा पुरानो सत्ता

पुरानो संसद्वादी सत्ता उम्किनै नसक्ने गरी गम्भीर धरापमा पर्दै गएको छ। एकीकृत जनक्रान्तिको प्रतिरोध र दलाल सत्ताको क्षणभङ्गुरता दुवैको योग यो सत्ताको समाप्ति हो। यतिबेला यो सत्ताले त्यही अनिवार्य नियति बेहोरिरहेको छ जुन अनिवार्य र आवश्यक दुवै हो।

शोषण, दमन, राष्ट्रघात र जनघातका कारण दैनिक जनताका दृष्टिमा बदनाम बन्दै गएको संसदीय सत्ताका सञ्चालकहरू अर्थात् सत्ताधारी संसद्वादी पार्टीका सञ्चालकहरू नै खुलेर सत्तामा गम्भीर सङ्कट परेको स्वीकार गर्न थालेका छन्। केही समयअघिसम्म अर्थात् एक थान संसद्वादी संविधान जारी गर्दा र त्यसयताका केही समयसम्म अकन्टक संसदीय व्यवस्था भन्दै कौलास्ने केपी वली, पुष्पकमल दाहाल र तिनका सेनामेनाहरू नै अब सत्ता गम्भीर सङ्कटमा पर्दै गएको स्वीकार्न बाध्य बनेका छन्। उनीहरुले यसको कारण अरुलाई दिए पनि यसको सत्य र यथार्थ भनेको पहिलो त यो सत्ताको क्षणभङ्गुरता वा छोटो आयु हो भने अर्को सत्य उदाउँदै गरेको वैज्ञानिक समाजवादी सत्ता हो। नेकपाले सञ्चालन गरेको एकीकृत जनक्रान्तिका कारण वैज्ञानिक समाजवादी सत्ताको भ्रूण अब देखिने गरी नै उदाउँदो छ।

उसै त दलाल पुँजीवादी सत्ता सीमित दलालहरूको स्थार्थका लागि निर्मित र संरक्षित हुन्छ। यसमा मुठीभर शासकहरू र तिनका आसेपासेहरूभन्दा अरूको हित हुँदैन। व्यापार, व्यवसाय, लगानी, सरकारी ढुकुटीबाट हुने मुनाफा, विदेशी दानदातव्य र भिक, भ्रष्टाचार र लूट सबै तिनै सत्ता सञ्चालकहरू र तिनका वरिपरिका केही पात्रहरूका लागि मात्र पर्याप्त हुन्छ। सत्ता र सरकारमा सामेल नहुनेहरू उसै पनि दलाल पुँजीवादी सत्ताबाट अस्वीकार्य र विस्थापित हुन्छन्। त्यसमाथि पौराणिक कथाको 'रामराज्य' नै दिन्छु भनेर भोट असुलेका संसद्वादी राजनीतिक पार्टीहरूले देश र जनताका लागि एउटा माखोसमेत मार्न नसकेपछि र सुखसुविधधाजति सबै आफ्ना नाउँमा थुपारेर अभाव, महँगीजति सबै जनताका नाउँमा थोपरेपछि जनता उसै निरास, विरक्त र आक्रोशित भएर अर्को विकल्प खोज्न तम्सिइसकेकै थिए। संसद्वादका रक्षकहरूले सत्तासङ्कट अस्वीकार गरेर यसअघि निरास र आक्रोशित जनतालाई थामथुम पार्न अनेक नौटङ्कीहरू गर्दै आएका हुन् तर अब सरकारको मात्र होइन, दलाल सत्ताको आङमा लगाइएका सबै वस्त्रहरू नटालिने गरी थोत्रिइसकेका छन्। यो यथार्थको एउटा नकारात्मक पाटो हो भने अर्कातिर उदाउँदै गरेको वैज्ञानिक समाजवादी सत्ता सकारात्मक पाटो हो। दलाल पुँजीवादकै चिहानबाट वैज्ञानिक समाजवादी सत्ता जन्मिने कुरा कसैले अस्वीकार गर्न र टार्न सक्तैन।

वर्तमान दलाल सत्ताका सञ्चालकहरूलाई धेरै भ्वाङहरू टाल्नु परेको थियो- एकातिर कम्युनिस्ट नाउँ भँजाउँदाको भ्वाङ, अर्कातिर नक्कली समाजवादको नाराको भ्वाङ अनि अर्कातिर शान्ति, सुख र समृद्धिको भ्वाङ। विकासको भ्वाङ त सधैँ ह्वाङ्गै देखिएकै कुरा भयो। यी सबै भ्वाङहरू अब टाल्नै नसकिने गरी खुलेपछि अब उनीहरू विगतका संसद्वादी पार्टी र सरकार हरूभैँ विभिन्न विषयमा गाँड कोराकोर गरेर समय व्यतित गरिरहेका छन्। कम्युनिस्ट पार्टीको झन्डाको दुरुपयोगको रहस्य अब आमजनसमुदायले नै बुझिसकेको कुरा भयो। केपी वली र पुष्पकमल दाहालहरूले दिने समाजवाद काङ्ग्रेसको भन्दा गएगुज्रेको दलाल र भ्रष्टाचारी भएको छ्याङ्ग भइसकेको छ। देशमा सधैँ अशान्ति छ। राष्ट्रघात, जनघात र महँगीले आकाश छोएको छ। यो नक्कली समाजवादी सरकारले जनतालाई दिएका उपहारहरु हुन्। यिनै उपहारका कारण जनता विद्रोहमा नु, विकल्पको खोजीमा छन्। यो दलाल सत्ताको भरपर्दो विकल्प नेकपा हो र उसले सञ्चालन गरेको एकीकृत जनक्रान्तिका माध्यमबाट उदाउने वैज्ञानिक समाजवादी सत्ता हो।

पुरानो सत्ताका सञ्चालकहरूमा सत्ता उन्माद बढेको छ। दलाल सत्ताका शासकहरू जब सत्तामा हुन्छन् उनीहरूमा अनौठो किसिमको मात चढेको देखिन्छ। प्रायः शासकहरू सत्तामातले दृष्टिविहीन मात्र होइन, श्रवणशक्तिशून्य र निर्विवेकी पनि हुन्छन्। अल्पायुको प्रतिक्रियावादी सत्तामा बसेका केपी वलीहरू होऊन् वा पुष्पकमल दाहालहरू होऊन्, रामबहादुर थापाहरू होऊन् वा गोकुल बास्कोटाहरू नै होऊन्, उनीहरूका अभिव्यक्ति, कार्यशैली र जीवनपद्धतिलाई हेर्दा आममानिसमा भ्रम थियो, यिनीहरू अजम्मरी छन्। चौतर्फी असफलता, बदनामी र विघटनका कारण अब आजनसमुदायलाई पनि लाग्दै गएको छ, यो दलाल सत्ता भ्रम हो र वैज्ञानिक समाजवादी सत्ता सत्य र यथार्थ। विदेशी स्वार्थ र इशारामा सञ्चालित केही पुरना स्थापित सञ्चारमाध्यमहरूले समेत यो व्यवस्थाको विकल्पमा चलिरहेको बहसलाई महत्वपूर्ण स्थान दिन थालेका छन्। उनीहरूको चिन्ता यो सत्ता ढल्न लागेकोमा होइन, वैज्ञानिक समाजवादी सत्ता उदाउन लागेकोमा हो। यसको अर्थ स्पष्ट छ, यो दलाल सत्ता अब उठ्नै नसक्ने गरी ढल्दैछ र नयाँ सत्ता उदाउँदैछ। दुनियाँ यसको व्यग्र प्रतीक्षामा छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# भ्रान्तिका तीस वर्ष



गुणराज लोहनी

### विषय प्रवेश

कान्तिपुर प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नेपाल साप्ताहिकको वर्ष १९, अङ्क ४५ मा समाजशास्त्री चैतन्य मिश्रको 'भ्रान्तिका सय वर्ष' शीर्षकमा एउटा लेख छापियो। उक्त लेख राजेन्द्र महर्जनले सम्पादन गरेको मिश्रको प्रकाशोन्मुख पुस्तक 'लोकतन्त्र र आजको मार्क्सवाद' बाट साभार गरिएको जनाइएको थियो। गत भदौ १४ गते शनिबार उक्त पुस्तक नै बडो तामझामका साथ लोकार्पण भएको छ। 'लोकतन्त्र र आजको मार्क्सवाद' मा प्रजातन्त्रको उदय र सङ्कट, लोकतन्त्र, गणतन्त्र र दलतन्त्र, सामाजिक लोकतन्त्र र समाजवाद र परिशिष्ट गरी ५ खण्डमा २०४६ सालदेखि २०७४ सालसम्म प्राध्यापक मिश्रद्वारा लेखिएका, बोलिएका र दिइएका अन्तर्वार्ताहरूलाई समावेश गरिएको छ। उक्त पुस्तकमा अक्टोबर क्रान्तिको सय वर्ष पुगेको अवसरमा लेखिएको 'भ्रान्तिका सय वर्ष' नै नाभिस्थानमा रहेको लेख हो। त्यसैले यहाँ प्राध्यापक मिश्रको लेख 'भ्रान्तिका सय वर्ष' मा उठाइएका भ्रमहरूलाई स्पष्ट पारूँजस्तो लाग्यो।

मिश्र अमेरिकाको फ्लोरिडा विश्वविद्यालयबाट १९७८ मा विद्यावारिधि गरेका हुन्। मलाई जानकारी भएको र मैले पढेअनुसार अहिलेसम्म उनका ६ वटा पुस्तक प्रकाशित भइसकेका छन् र यो 'लोकतन्त्र र आजको मार्क्सवाद' पुस्तक सम्भवतः सातौँ हो। नेपालका इनेगिने लेखकहरूको पुस्तकको प्रकाशक नेपाली हुने भए पनि भारतमा छापिने हुनाले यो पुस्तक प्रकाशनसँगै आर्थिक वर्ष २०७६/०७७ मा पुस्तकमा १० प्रतिशत कर लगाउने प्रावधान राखेकाले भन्सारमा रोकिन गई ढिलो गरी नेपाल आएको थियो।

प्राध्यापक मिश्रको भनाइमा उनी समाजशास्त्री हुन्। अमेरिकाबाट पीएचडी गरेका भए पनि नेपाल आएपछि उनको वामपन्थी राजनीतितिर झुकाव भएकाले २०५१ सालको तत्कालीन एमालेको सरकारले मिश्रलाई त्यस समयमा राष्ट्रिय योजना आयोगको सदस्य बनाएको थियो। त्यसैगरी केपी वलीको वर्तमान सरकारमा उनी विशेषज्ञ समूह 'थिङ्क ट्याङ्क' का अध्यक्ष रहेका थिए। केही समयअघि मात्र उनले उक्त पदबाट राजीनामा दिएका छन्। पछिल्ला लेखहरूमा उनले आफूलाई मार्क्सवादी भन्न रुचाएछन्। उनकै भनाइअनुसार पछिल्लोक्रममा मात्र उनी वामपन्थी विचारको नजिक रहन पुगेका हुन्।

### लेखमा के छ ?

मिश्रले आफ्नो लेखको सुरुआतमा दीपेन्द्रबहादुर क्षत्रीको आजको मूल्याङ्कनको अङ्क ५ को 'अस्ताउँदो पुँजीवाद' को खण्डन हो भनेका छन्। लेनिन जुरिजमा निर्वासित भएका बखत १९१६ का वसन्तमा 'साम्राज्यवाद–पुँजीवादको चरम अवस्था' लेख्नुभयो। उक्त किताबमा आजभन्दा सय वर्षअघिको पुँजीवादको चरित्रलाई व्याख्या गरिएको छ र पुँजीवाद साम्राज्यवादमा रूपान्तरण भएको भन्नुभएको छ। लेनिनले उक्त किताबको फ्रान्सेली र जर्मन संस्करणहरूको भूमिकाको अन्तिम हरफमा 'साम्राज्यवाद सर्वहारावर्गको सामाजिक क्रान्तिको पूर्वबेला हो। सन् १९१७ पछि विश्वव्यापी स्तरमा यस तथ्यको पुष्टि भैसकेको छ'१ लेख्नुभयो। साथै उहाँले साम्राज्यवादीहरू भनेर युरोपमा बेलायत, फ्रान्स, जर्मनी भनेर किटान गर्नु पनि भएको थियो। उक्त पुस्तकमा लेनिनले साम्राज्यवादको चरित्रको खोज गर्ने क्रममा त्यसका विशेषताहरूलाई उत्पादनको केन्द्रीकरण र एकाधिकारी मण्डलहरू, बैङ्कहरू र तिनको नयाँ भूमिका, वित्तीय पुँजी र वित्तीय अल्पतन्त्र, पुँजी निर्यात, पुँजीपति–सङ्घहरूबीच विश्व विभाजन, महाशक्तिहरूबीच विश्व विभाजन, साम्राज्यवाद–पुँजीवादको एक विशेष अवस्था, पुँजीवादको परजीविता तथा ह्रास, साम्राज्यवादको आलोचना र इतिहासमा साम्राज्यवादको स्थान गरी १० वटा बुँदामा व्याख्याका गर्नुभएको छ। मूलतः यही विषयलाई लिएर प्राध्यापक मिश्रले– लेनिनले पुँजीवाद मर्छ भनेका थिए तर मरेन। त्यसैले उनले गरेको अक्टोबर क्रान्ति, सर्वहारावर्गको अधिनायकत्वसहितको समाजवाद सबै भ्रम मात्र हुन्। यति मात्र होइन, त्यसपछि माओले चीनमा गरेको जनवादी क्रान्ति र स्थापना गरेको समाजवाद पनि भ्रम मात्र हो भन्ने दलिल पेस गरेका छन्। मिश्रले पेस गरेका यस्ता दलिलहरू मार्क्सवादका विपरीत छन्। उनले स्टालिनका योगदान, नेपालमा भएको दसबर्से जनयुद्ध सबै भ्रम मात्र हुन् भन्ने पुष्टि गर्ने दुस्साहस गरेका छन्।

### मिश्रको तर्कलाई कसरी हेर्ने ?
### यसको दार्शनिक पक्ष के हो ?

प्राध्यापक मिश्रले आफूलाई मार्क्सवादी भन्नेका छन् तर उनको पुस्तक 'लोकतन्त्र र आजको मार्क्सवाद' मा भएका सबै लेखहरू मार्क्सवादका विपक्षमा लेखिएका छन्। यसबाट मिश्रले मार्क्सवादी साहित्यलाई बौद्धिक विलासिताका लागि पढ्ने गरेको वा गहिरिएर नपढेको सहजै बुझ्न सकिन्छ। यो कुनै आरोप होइन। मार्क्सवादको सार के हो ? यो कसरी समाज विज्ञान बन्न पुग्यो ? भन्ने कुरा मैले प्राध्यापक मिश्रलाई सिकाउन खोजेको होइन। मार्क्स–एङ्गेल्सको योगदान भनेको मार्क्सवादका ३ वटा सङ्घटक अङ्गहरूको विकास गर्नु हो– दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद भनेर। मिश्रलाई अवश्य थाहा होला।

प्राध्यापक साहेबले आफूलाई मार्क्सवादी भनेका छन्। यी ३ वटै सङ्घटक अङ्गहरूको विकास भीषण वर्गसङ्घर्ष, वैचारिक, राजनीतिक सङ्घर्षबाट भएको हो। स्वयम् मार्क्सकै भनाइमा हेगेलको आदर्शवादी द्वन्द्ववाद, फायरबाखको अधिभूतवादी भौतिकवाद, कान्टको अज्ञेयवादी आदर्शवाद र प्रुँधो–बाकुनिनको अराजकतावादी व्यक्तिवादविरुद्ध भीषण सङ्घर्षका बीचबाट ऐतिहासिक भौतिकवादी दृष्टिकोण बन्न पुगेको थियो। जर्मन दर्शनशास्त्री जर्ज विल्हेल्म फ्रिड्रिक हेगेलसँग त मार्क्स–एङ्गेल्सले प्रत्यक्ष वैचारिक भिडन्त गर्न पाउनुभएन किनभने मार्क्स १३ वर्ष पुग्दै गर्दा हेगेलको निधन भएको थियो। तर लुडबिक फायरबाख, प्रुँधो र बाकुनिनसँग वैचारिक सङ्घर्ष गर्नुभएको थियो। प्रुँधोलाई त मार्क्सले असल मित्र र अग्रज नै मान्नुहुन्थ्यो। जब उनले 'दरिद्रताको दर्शन' लेखे अनि मार्क्सले पुस्तकमा रहेका दार्शनिक कमजोरीहरूलाई सच्याएर दर्शनको दरिद्रता लेख्नुभयो। फायरबाखका बारेमा १८८६ मा एङ्गेल्सले त एउटा निबन्ध नै लेख्नुभयो, 'लुडबिक फायरबाख : शास्त्रीय जर्मन दर्शनको अन्त्य।' त्यसैले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै मार्क्सवादको मुख्य दर्शन हो। तर पुँजीवादको दार्शनिक आधार भनेको आदर्शवाद हो। जबसम्म पुँजीवादले विभिन्नखाले भौतिकवादलाई आफ्नो दर्शन मानेको थियो, त्यस बेलासम्म पुँजीवाद प्रगतिशील थियो। त्यस समयमा सामन्तवादका विरुद्ध लडेकै हो। तर जब वैज्ञानिक भौतिकवाद वा ऐतिहासिक भौतिकवादको जन्म भयो, उसले आफ्नो वैचारिक सत्तामा ठूलो खतरा देख्यो। त्यसैले द्वन्द्वात्मक भौतिकवादलाई अँगाल्न नसकेर सामन्तवादको पक्षपोषण गर्ने आदर्शवादको शरणमा पुग्यो। त्यसैले लेनिनकै पालामा पुँजीवाद प्रगतिशील रहेन। ऊ दार्शनिक रूपमा आदर्शवादी भएपछि साम्राज्यवादी बन्न पुगेको हो।

> जबसम्म पुँजीवादले विभिन्नखाले भौतिकवादलाई आफ्नो दर्शन मानेको थियो, त्यस बेलासम्म पुँजीवाद प्रगतिशील थियो। त्यस समयमा सामन्तवादका विरुद्ध लडेकै हो। तर जब वैज्ञानिक भौतिकवाद वा ऐतिहासिक भौतिकवादको जन्म भयो, उसले आफ्नो वैचारिक सत्तामा ठूलो खतरा देख्यो। त्यसैले द्वन्द्वात्मक भौतिकवादलाई अँगाल्न नसकेर सामन्तवादको पक्षपोषण गर्ने आदर्शवादको शरणमा पुग्यो। त्यसैले लेनिनकै पालामा पुँजीवाद प्रगतिशील रहेन।

### अर्थशास्त्रका सन्दर्भमा

मार्क्स–एङ्गेल्सको समयमा बेलायत, जर्मनी, फ्रान्स, पोल्यान्डहरूमा पहिलो औद्योगिक क्रान्ति (१७६०–१८४०) भैरहेको थियो। १७७६ मा जेम्स वाटले वाष्प इन्जिनको आविष्कार गरेदेखि नै पुँजीवादले उत्पादनमा ठूलो फड्को मारेको थियो। परम्परागत उद्योगको ठाउँ जब स्वचालित मेसिनले लिन थाल्यो अनि त बेलायतका कामदारहरूले चार्टिस्ट आन्दोलन (१८३२, १८३९ र १८४८) गरेका थिए। ती देशहरूमा उत्पादनका साधनहरू पुँजीपतिहरूको हातमा रहेको थियो। त्यही क्रममा मार्क्सले वस्तुको मूल्य, ज्याला, उत्पादनका साधन, सम्बन्ध, शक्ति र प्रणालीको विस्तृत व्याख्या गर्दै पुँजी लेख्नुभएको थियो।

लेनिनको पालामा दोस्रो औद्योगिक क्रान्ति भएको थियो। १८३१ मा नै डाइनामोबाट बिजुली निकालेर माइकेल फराडेले चमत्कार गरेका थिए। तर जलविद्युतको पहिलो उपयोग १८७८ मा इङ्ल्यान्डमा भएको थियो। १९०० देखि जलविद्युत्लाई उद्योगमा प्रयोग गर्न थालियो। यसले एकातिर उत्पादनमा गुण र मात्रामा ठूलो फड्को माऱ्यो। त्यसैले 'विद्युत्बराबर समाजवाद' भन्ने संश्लेषण गर्नुभएको थियो। त्यही चरणमा बेलायत, फ्रान्स, जर्मनी, जापान, अमेरिकालगायत औद्योगिक देशहरूमा पुँजीको अतिकेन्द्रीकरण हुन पुग्यो। बजारका लागि र प्राकृतिक साधनस्रोतमा एकल दोहन गर्नका लागि यी देशहरूका बीचमा मनमुटाव मात्र भएन, पहिलो र दोस्रो विश्वयुद्ध नै भयो। यसको भविष्यवाणी लेनिनले गर्नुभएको थियो।

प्राध्यापक साहेबलाई सोध्न चाहन्छु- पहिलो र दोस्रो विश्वयुद्धमा साम्राज्यवादीहरू लडेका होइनन् ? जर्मन साम्राज्यवादले सबैतिर आक्रमण गरेको होइन ? दिग्विजयको अभियानमा हिँडेको हिटलरलाई इतिहासमा कैद कसले गऱ्यो ? स्टालिनको नेतृत्वको तत्कालीन सोभियत सङ्घले होइन ? त्यस समयमा साम्राज्यवाद मरेको होइन ?

समाजवाद अहिले लागू हुन नै नसक्ने प्राध्यापक मिश्रको कथन छ। पुँजीवादलाई नै लुट्न दिनुपर्छ भन्ने पक्षमा उनी रहेका छन्। मार्क्सवादबाट समाजवादलाई अलग गर्न सकिँदैन। हुनत भदौ २८ गतेको नयाँ पत्रिकामा दिएको अन्तर्वार्तामा त उनले मार्क्सवाद परित्याग गरेको कुरा गरेका छन्। समाजवादका प्रवर्तक मार्क्स–एङ्गेल्स होइनन्। २८ मे १७७९ मा जन्मिएका थोमस मुरले काल्पनिक समाजवादलाई सैद्धान्तिक रूप दिएका थिए।

मार्क्स–एङ्गेल्सले मार्क्सवादको प्रतिपादन गर्दै गर्दा पहिला दर्शन र अर्थतन्त्रका बारेमा १८४४ मा इकोनोमिक एन्ड फिलोसोफिक म्यानुस्क्रिप्ट्स प्रकाशित भएको थियो। अर्थशास्त्र राजनीतिको आधार हो।

### मार्क्सवादमा लेनिन र माओको योगदान के हो ?

जसरी प्राध्यापक मिश्रले मार्क्सवादबाहेक अरू कुनै वादहरू छैनन् जस्तो कि लेनिनवाद, माओवाद भनेका छन्। वाद हुनलाई प्रतिपादित सिद्धान्तहरूले सार्वभौम चरित्र ग्रहण गरेको हुनुपर्दछ। प्रकृति विज्ञानमा सिद्धान्तको प्रतिपादन र व्यवहारमा लागू हुनु पर्दछ। जस्तै आर्किमेडिजले (ई.प.२८७–२१२) उत्तोलकको सिद्धान्त पत्ता लगाएका थिए। त्यही उत्तोलक सिद्धान्तले आइज्याक न्युटन (१६४२–१७२७) ले यान्त्रिक सिद्धान्तका जडता, प्रवेग र सन्तुलनजस्ता ३ वटा नियमहरूमा विकास गरेका थिए। यिनै नियमका आधारमा गुरुत्वाकर्षणको सार्वभौमिक नियमको खोज, तापको गति, सिद्धान्त र वैज्ञानिक क्रान्तिका परिणामहरू देखिएका थिए। लेनिनको युगमा सापेक्षता र क्वान्टम सिद्धान्तको आविष्कार भएको थियो। युरोपको आधुनिक युग भनेर चिनिने समयमा वैज्ञानिक, औद्योगिक र राजनीतिक क्रान्तिहरू भएका थिए। यति धेरै कुरा मैले प्राध्यापक साहेबलाई भनिराख्नु पर्दैन।

यहाँ भन्न के खोजिएको हो भने मार्क्स–एङ्गेल्स ज्यूँदै हुँदा नै ८ मार्चदेखि २८ मे १८७१ को ७२ दिनसम्म टिकेको र ब्लाङ्कीले नेतृत्व गरेको पेरिस क्रान्तिको मार्क्सले सुरुमा विरोध गर्नुभएको थियो। जब क्रान्ति अगाडि बढ्दै गयो, मार्क्सले पूर्ण रूपले समर्थन र सहयोग गर्नुभएको थियो। पेरिस कम्युनका कम्युनार्डहरूले गरेको गल्ती औँल्याउँदै उहाँले महान् पेरिस कम्युन भन्नुभयो। १३ जुन १८७१ मा 'फ्रान्समा गृहयुद्ध' पुस्तक नै प्रकाशित भएको छ। यो क्रान्तिले मार्क्सवादलाई प्रयोगमा पुष्टि गरेको थियो।

लेनिनले मार्क्सवादकै आधार बनाएर पुँजीवादको बाँकी पृष्ठ ५ मा

पृष्ठ १ बाट क्रमशः

# बहसमा एकीकृत जनक्रान्ति

सामन्तवादलाई आत्मसात गर्दै आफैलाई पश्चगामी चरित्रमा ढालेको छ । त्यसैले आजको पुँजीवाद अर्थचन्त्र, संस्कृति र राजनीतिक क्षेत्रमा ठिमाहा (वर्णशङ्कर) भएको छ । त्यसप्रकारको पुँजीवादको चरित्रलाई उत्तरसाम्राज्यवाद (पश्चगामी, फेरिएको, पछिल्लो, अतिमा पुगेको, मरणासन्न) भनिएको छ । 'उत्तर-साम्राज्यवाद' पदावली प्रयोग गर्नुका पछाडि निश्चित कारणहरू छन् । (हेर्नुहोस्- ने.क.पा. आठौँ महाधिवेशनको दस्तावेज, पृष्ठ ४२ र ४३) नेपाली समाज रुस र चीनको अवस्था भन्दा भिन्न रहेको कारण नेपाली क्रान्तिको कार्यदिशा पनि फरक हुनुपर्दछ । नेपाली समाजका विशेषताहरू :

(१) भूपरिवेष्ठित देश
(२) नगर समाजको विकास
(३) मध्यम वर्गको उदय
(४) जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडन
(५) देशभक्त धाराको प्रभाव
(६) विज्ञान-प्रविधिमा विकास
(७) दलाल पुँजीवादी सत्ता

चीनको क्रान्तिकालमा विश्वमा नगर समाजको उदय सीमित थियो भने रुस साम्राज्यवादी देश (भर्खरै अक्टोबर क्रान्ति भएको) थियो । तत्कालीन समाजमा मध्यम वर्ग शक्तिशाली थिएन । त्यो वर्ग ढुलमूले शासक वर्गकै अङ्ग मानिन्थ्यो । विज्ञान र प्रविधि शासक वर्गको पेवा थियो । आज विज्ञान र प्रविधि शासक वर्गको हातबाट समाजमा गइरहेको छ । त्यसको उदाहरण कोरिया-अमेरिका सम्बन्धमा देख्न सकिन्छ । आज साइबर सेना निर्णायक बन्न खोज्दैछ । सूचना साम्राज्यका विरुद्ध सामाजिक सञ्जाल (नागरिक पत्रकारिता) हस्तक्षेपकारी बन्दै गएको छ । सामाजिक चेतनास्तर विद्रोहात्मक बन्दै गएको छ ।

अर्कोतिर सामन्ती उत्पीडन, शोषण यथावत् छ । जातीय, क्षेत्रीय, लैङ्गिक, समुदायगत उत्पीडन यथावत छ । विश्वभरि अन्धराष्ट्रवाद हावी बन्दै गएको परिप्रेक्ष्यमा नेपालमा अन्तर्राष्ट्रवाद जातीयता, साम्प्रदायिकता, विखण्डन, घृणाको राजनीतिका रूपमा प्रकट भइरहेको छ । अर्को शब्दमा, सामन्तवादले नयाँ रङ्गमा टाउको उठाउन खोजिरहेको छ ।

नेपाल दुई ठूला देशले घेरिएको भू-परिवेष्ठित देश हो । नेपाल भारतीय अर्थतन्त्रबाट खोरमा थुनिएको छ । परनिर्भर अर्थतन्त्रका कारण राजनीति र संस्कृतिमा भारतीय नियन्त्रण छ । भारतले दर्जनौँ असमान र अन्यायपूर्ण सन्धि, सम्झौताद्वारा नेपाललाई बाँधेर राखेको छ । राज्यका सबै निकायमा दलालहरूले अड्डा जमाएर बसेका छन् । आर्थिक पराधीनता सांस्कृतिक पराधीनताको स्तरमा प्रकट भएको छ । नेपालमा देशभक्त धारा प्रबल छ । दक्षिणएसियामा अङ्ग्रेजहरूको आगमनदेखि नै नेपाली समाज देशभक्त र दलाल धाराको बीचमा सङ्घर्ष हुँदै आएको छ । देशभक्त र दलाल धाराबीचको सङ्घर्षकै कारण नेपालको स्वतन्त्र अस्तित्त्व कायम छ ।

(ग) नयाँ जनवाद र वैज्ञानिक समाजवाद

पुँजीवादले समाजवादको लागि चारवटा भौतिक आधार प्रदान गर्दछ -

(अ) प्रचुर उत्पादन
(आ) विकसित उत्पादक शक्ति
(इ) सर्वहारा वर्ग
(ई) सामूहिक उत्पादन र निजी स्वामित्व

समाजवाद लागू गर्न समाजको अग्रगामी वर्ग सर्वहारा वर्ग आवश्यक हुन्छ । उसले सत्ता सञ्चालन गर्नसक्ने स्तरमा विकास गरेको हुनुपर्छ । यसको जन्म पुँजीवादको गर्भबाट हुन्छ । समाजवादमा 'क्षमताअनुसारको काम, आवश्यकता अनुसारको दाम' नाराको आधारमा आर्थिक ढाँचा निर्माण गरिन्छ । यसका लागि प्रचुर मात्रामा वस्तु र सेवाको उत्पादन आवश्यक छ । सामन्ती समाज त्यसको लागि प्रतिकूल रहेको हुन्छ । त्यसैगरी पुँजीवादी व्यवस्थामा सामूहिक उत्पादन हुन्छ तर निजी स्वामित्व रहेको हुन्छ । अन्यायपूर्ण सम्बन्ध रहेको व्यवस्था बदल्न र श्रमिक मैत्री व्यवस्था कायम गर्न सर्वहारा वर्ग (उसका सहयोगी) मजदुर, किसान, निम्नपुँजीपति वर्गसहित) राजनीतिक सङ्घर्षमा भाग लिन्छन् । अझ यसो भन्न सकिन्छ - पुँजीवादको गर्भमा उसको चिहान खन्ने सर्वहारा वर्गको भ्रूण हुर्किरहेको हुन्छ तर पुँजीवादको विकास नभएका चीन, भियतनाम, कोरिया, नेपाल, भारतजस्ता देशहरूमा सर्वहारा वर्गको नेतृत्व र मजदुर किसानको सहभागितामा हुने हुनाले त्यसले सामाजवादको ढोका खोल्दछ । अध्यक्ष माओले त्यसप्रकारको व्यवस्थालाई 'नयाँ जनवाद' भन्नुभएथ्यो । त्यसैले नयाँ जनवादी व्यवस्था पृथक समाज व्यवस्था नभएर सामन्ती समाजवाट समाजवादी व्यवस्थामा फड्को मार्ने सङ्क्रमणकालीन व्यवस्था हो । त्यसप्रकारको सङ्क्रमणकाल कति लामो हुन्छ ? यहाँ बहस छ । ने.क.पा.को २०७३ सालमा भएको आठौँ महाधिवेशनको दस्तावेजमा भनिएको छ, "नयाँ जनवादी सत्ता ८ वर्ष चलाएपछि चीनलाई वैज्ञानिक समाजवादमा प्रवेश गराइयो । विशाल जनसङ्ख्या भएको देश चीनमा नयाँ जनवाद स्थापना भएपनि सन् १९५२ देखि नै तीन खराबी र पाँच खराबी देखा परेका थिए । माओले चीनलाई समाजवादमा प्रवेश गराउन खोज्दा राष्ट्रपति ल्यू साओचीको नेतृत्वमा विरोध गरियो । सैन्य जनर लसहितको संलग्नतामा समाजवादलाई वाधा पार्न खोजियो (पृष्ठ १८) ।" यसबाट बुझ्न सकिन्छ । चीनमा नयाँ जनवादमै अडिरहने कि समाजवादमा फड्को मार्ने ? भन्ने विषयमा बहस थियो । तर क्रान्तिभन्दा अगाडि व्यवस्थित बहस र मत विभाजित भएको अवस्था थिएन । क्रान्तिपछि नेताहरू विभाजित भए । नेताहरूमा भएको विभाजनले पार्टी सदस्य र जनताहरूलाई पनि विभाजित गऱ्यो । समाजवादमा प्रवेशको विधि र अवधि, सङ्क्रमणकालको अवधि, दायित्व जस्ता विषयमा पूर्व निर्णय थिएन अथवा तयारी थिएन । जनता प्रशिक्षित भइसकेका थिएनन् । सोभियत सङ्घमा भएको प्रतिक्रान्ति र चीनमा पुँजीपति वर्गको तोडफोड देखेपछि माओले नयाँ जनवादी व्यवस्था सुदृढ गरिरहनु भनेको समाजवादमा फड्को होइन कि पुँजीवादमै फर्किने वा पतन हुने चित्र स्पष्ट देख्नुभयो । त्यसपछि चिनियाँ समाजलाई गुणात्मक फड्कोद्वारा छलाङ हान्नुपर्ने महसुस गरियो । छलाङ आफैमा विपत्तिमय कदम हो । त्यसपछि सन् १९५६ मा चीन समाजवादमा प्रवेश गरेको घोषणा गरियो । चीन त्यति चाँडै वैज्ञानिक समाजवादमा प्रवेश गर्ने निर्णय र कदम धेरैका लागि अकल्पनीय विषय थियो । समाजवादमा प्रवेश गर्नका लागि आवश्यक पूर्वाधार भनेका विषय पनि चीनमा पूरा भइसकेका थिएनन् । त्यसको निश्चित गणितीय तर्क पनि थिएन ।

चीनको अनुभव र भौतिक जगत्मा आएको परिवर्तनले कार्यदिशा र व्यवस्थाको विषयमा थुप्रै प्रश्नहरू उठाएका छन् । आजका कम्युनिस्टहरूले ती प्रश्नको जवाफ दिएर मात्रै अगाडि बढ्न सकिन्छ ।

## (घ) चिनियाँ अनुभव र नेपाली सन्दर्भ

भौतिक जगत्मा आएको परिवर्तनसँगै समाज विज्ञानमा पनि परिवर्तन आवश्यक छ । त्यसै सन्दर्भमा सङ्क्रमणकालीन व्यवस्था (नयाँ जनवादी व्यवस्था) का विषयमा पनि ठोस धारणा बन्न आवश्यक छ । चीनमा समाजवाद घोषणा गर्दा पुँजीवादको पर्याप्त विकास भइसकेको थियो त ? अथवा उत्पादक शक्तिको पर्याप्त विकास भैसकेको थियो त ? अवश्य थिएन । त्यसकारण सामन्तवाद र साम्राज्यवाद विरोधी क्रान्ति (नयाँ जनवादी क्रान्ति) गरेपछि सङ्क्रमणकालीन व्यवस्थामा पुँजीवादले शक्ति सञ्चय गर्ने, पुँजीवाद सुदृढ हुँदै जाने, समाजवादको आधार भएका स्थानमा पनि पुँजीवाद नै लागू गरिरहनु पर्ने, सचेत प्रयत्न र पहलकदमी गुम्ने खतरा देखापरेको कारण चीनमा माओले आफ्नो क्रान्तिपूर्वको धारणाको प्रतिकूल समाजवादमा फड्को मार्नुपर्ने निष्कर्ष निकाल्नुभएको देखिन्छ । उत्पादक शक्तिको विकास, सामूहिक र औद्योगिक उत्पादन निरन्तर भइरहने विषय हुन् जसको निश्चित सीमा-रेखा हुँदैन । चीनको नकारात्मक अनुभवबाट हामीले सिक्नुपर्दछ । "अनुभवहीन अवस्थामा प्रत्येक कम्युनिस्टले गल्ती गर्न सक्छन् तर जे कुरा गलत हो भन्ने सिद्ध भइसकेको छ त्यसलाई कम्युनिस्टले अनुभव गरिरहँदैन" अविमायल गुजमान 'गोञ्जालो' ले भनेका छन् । त्यसकारण हामीले चिनियाँ अनुभवबाट सिक्न आवश्यक छ । प्रधान अन्तरविरोध र राजनीतिक चरित्रमा आएको परिवर्तनअनुसार राजनीतिक व्यवस्था निरूपण गर्नुपर्दछ । त्यस अर्थमा नेपाल वैज्ञानिक समाजवादी क्रान्तिको चरणमा प्रवेश गरिसकेको छ ।

चीनमा क्रान्ति हुँदा सामन्तवाद र साम्राज्यवादसँग चिनियाँ जनताको प्रधान अन्तरविरोध दलाल पुँजीवाद भैसकेकोमा कमै विवाद होला । दलाल पुँजीवादसँग लड्नुपर्ने, क्रान्तिचाहिं लड्नै नपर्ने (नगन्य, सहायक) शक्तिको विरुद्ध हुने कुरा अन्तरविरोधी हुन जान्छ । सामन्तवाद आधार (आर्थिक) मा कम र उपरिसंरचना (धर्म, संस्कृति, व्यवहार) मा बढी दलाल पुँजीवादले गरिरहेको छ । ने.क.पा.को आठौँ महाधिवेशनको राजनीतिक दस्तावेजमा भनिएको छ - "हामीले विगतमा अर्ध सामन्तवाद र अर्धउपनिवेशवाद भएकोले क्रान्तिको चरण नयाँ जनवाद निर्माण गरेका थियौँ । तर दश वर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवाद मात्र बनाउँदा अपूर्ण हुन्छ र पछि पर्न जान्छ ।"

अर्को कुरा, नयाँ जनवाद कुनै लामो र स्थायी चरण पनि होइन । यो केवल समाजवादमा प्रवेश गर्ने खुड्किलो मात्र हो । कम्युनिस्टहरूको आधारभूत राज्यव्यवस्था भनेको वैज्ञानिक समाजवादी व्यवस्था नै हो । माओकै उदाहरण लिंदा पनि सन् १९४९ मा क्रान्ति गर्नुभयो र नयाँ जनवाद लागू गर्नुभयो तर त्यो लामो समय रहन दिनुभएन । छिटै समाजवादमा जाने प्रस्ताव गर्नुभयो । यसर्थ हामीले अबको राजनीतिक कार्यक्रम विगतकै जस्तो नयाँ जनवादी मात्र भन्नु वस्तुवादी हुँदैन । वैज्ञानिक समाजवादी बनाउनु नै वैज्ञानिक र वस्तुवादी हुन्छ । वस्तुवादी कार्यक्रम निर्माण गरेर नै क्रान्तिको वरिपरि नयाँ मित्र र सहयोगी शक्तिहरूलाई ध्रुवीकृत र एकताबद्ध गर्न सकिन्छ । (उही पृष्ठ ४६ र ४७) ।" नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ जनवादी क्रान्तिलाई स्थायी चरणकै रूपमा बुझ्ने गरिएको कारण पनि समस्या भएको हो ।

नौलो जनवादी व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्थामा प्रवेशको साँघु हो । त्यसको अर्थव्यवस्थाको सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "नौलो जनवादी अर्थव्यवस्थालाई निर्देशित गर्ने सिद्धान्तहरू उत्पादनको विकास गर्ने, आर्थिक समृद्धि बढाउने, सार्वजनिक र नीति दुवैथरि हितहरूमाथि ध्यानदृष्टि दिने, श्रम र पुँजी दुवैलाई फाइदा गर्ने आम उद्देश्यसँग ठ्याम्मै मिल्दा खाका हुनुपर्दछ ।" (माओ त्से तुङ्ग, सङ्कलित रचनाहरू, भाग ४ पृष्ठ १८४) ।" राजकीय पुँजीको नेतृत्वमा देशको समग्र अर्थव्यवस्था उभ्याउनु नयाँ जनवादी अर्थव्यवस्थाको मूल कार्यभार हो । जो समाजवादको पनि आधारभूत कार्यक्रम हो ।

अर्थव्यवस्थाको स्वरूप समाजवादी हुन्छ । अन्य स्वरूपहरू निजी पुँजीमा आधारित हुन्छन् । राज्य र निजी पुँजीको संयुक्त स्वरूपमा नयाँ जनवादी अर्थव्यवस्था कायम हुन्छ तर समाजमा निजी स्वामित्वको अन्त्य गरिन्छ । निजी अर्थव्यवस्थालाई लामो समय कायम राख्दा त्यो समाजवादी अर्थव्यवस्थामै हाबी बन्न जाने खतरा चीनमा देखिएको थियो । नौलो जनवादी अर्थव्यवस्थाको सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "राजकीय अर्थव्यवस्थाको स्वरूप समाजवादी र सहकारी अर्थव्यवस्थाको स्वरूप अर्धसमाजवादी हुन्छ, यो दुईथरि अर्थव्यवस्था र निजी पुँजीवाद व्यक्तिगत अर्थव्यवस्था र राज्य तथा पुँजीपतिहरूले संयुक्त रूपले काम गर्ने राजकीय पुँजीवादी अर्थव्यवस्था यी सबैको योग नै जनवादी गणतन्त्रको अर्थव्यवस्थाका प्रमुख तत्त्वहरू हुनेछन् र यिनै तत्त्वहरूबाट नौलो जनवादी ढाँचा बन्नेछ (उही, पृष्ठ ४०१) ।" नौलो जनवादी आर्थिक ढाँचा पुँजीवादी ढाँचा नै भएको हुनाले त्यसलाई लम्ब्याउँदा (सङ्क्रमणकाल बढाउँदा) प्रतिक्रान्तिको सम्भावना बढेर जाने चिनियाँ अनुभव (नकारात्मक अनुभव) छ । त्यसकारण नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्दै सम्भव र आवश्यक पक्षहरूमा तत्काल समाजवादी क्रान्ति सुरु गर्नुपर्छ भनिएको हो ।

नयाँ जनवादी क्रान्तिको पुल हुँदै समाजवादी क्रान्तिमा जाने भन्ने विषयलाई कतिपयले 'गन्जागोल र सारसङ्ग्रहवादी' भनेका छन् । तर उनीहरूले चीनको प्रयोग राम्ररी नहेरी सतही टिप्पणी गरेका छन् । चीनमा सन् १९५० मा नोकरशाही पुँजी कब्जा गरेर राज्यको स्वामित्वमा ल्याइयो । सहकारी अर्थतन्त्र आफैमा अर्ध-समाजवादी चरित्रको थियो । अर्कोतिर राष्ट्रिय पुँजीको संरक्षण र विकास गर्ने नीति लिइएको थियो । मूल रूपमा, सन् १९५६ मा समाजवादी फड्को घोषणा गरे पनि लगत्तै समाजवादी क्रान्तिको व्यावहारिक प्रयोग सुरु गरिएको देख्न सकिन्छ । आफ्नो रचना 'चीनको दार्शनिक मोर्चामा तीन प्रमुख सङ्घर्ष' मा अध्यक्ष माओ भन्नुहुन्छ, "सन् १९५० मा जतिबेला चीनले विशेष रूपमा सर्वहारा अधिनायकत्व स्थापित गर्दैथियो र समाजवादी क्रान्तिको चरणमा प्रवेश गर्दै थियो त्यतिबेला कसरी पुँजीवादी उत्पादन सम्बन्धलाई 'चीनको उत्पादक शक्तिसँग मेल खाने विशेषता' भन्न सकिन्थ्यो ? राज्यसत्ता हातमा लिइसकेपछि हामीले चिनियाँ पुँजीवादको प्रमुख हिस्साका रूपमा नोकरशाही पुँजी कब्जा गर्ने कार्यलाई अघि बढायौँ र यसलाई राज्यको स्वामित्वमा बदल्यौँ । राष्ट्रिय पुँजीपतिको उद्योग र व्यापारलाई हामीले उपयोग गर्ने, सीमित गर्ने र रूपान्तरण गर्ने नीति अपनायौँ तर यसलाई कहिल्यै पनि 'चीनको उत्पादक शक्तिसँग मेल खाने विशेषता' को पुँजीवादको रूपमा लिएनौँ । यसको विपरीत पुँजीवादले उत्पादक शक्तिको चरित्रसँग मेल नखाने देखियो । यसलाई बरु कदम कदम गरेर राज्यद्वारा समाजवादी स्वामित्वमा रूपान्तरण गर्नुपर्ने आवश्यकता भयो । (दार्शनिक रचनाहरू, पृष्ठ २३९, अनुवाद हेमन्तप्रकाश ओली, प्रकाशक, जागरण बुक हाउस, काठमाडौँ, २०७४) नयाँ जनवादी अर्थव्यवस्था उत्पादक शक्तिसँग मेल नखाने र उत्पादक शक्तिको विकासमा बाधक भएको चिनियाँ अनुभव छ । त्यसकारण समाजवादी अर्थव्यवस्था र त्यही प्रकारको उपरिसंरचना जरुरी हुन्छ । तर पुँजीवादको पूर्ण विकास नगरी समाजवादमा जान नसकिने तर्क रुसमा बर्नस्टिन, कार्ल काउत्स्की र चीनमा ल्यू साओ ची, याङ सियन चेनलगायतले गरेका थिए । सो सम्बन्धमा लेनिन भन्नुहुन्छ, "तपाईंले भन्नुभएको छ कि समाजवादको निर्माण गर्न सभ्यताको आवश्यकता छ । धेरै राम्रो तर हामी किन हाम्रो देशमा सभ्यताको पूर्वाधार सिर्जना गर्न भूमिपतिहरू र रसियाली पुँजीपतिहरूलाई निष्कासन गर्न र अनि समाजवादतिर अघि बढ्न सक्दैनौँ ? तपाईहरूले कहाँ र कुन किताबमा सामान्य ऐतिहासिक घटनाक्रम अनुचित या असम्भव छ भनेर पढ्नुभएको छ ? (उही, पृष्ठ २० र २४) ।" रुसी संशोधनवादीहरूले पछौटे रूपमा समाजवाद लागू गर्न नसकिने तर्क गरेका थिए । त्यसपछि ५० को दशकमा चिनियाँ संशोधनवादीहरूले वातानुकूलित तर्क अघि सार्दै 'पिछडिएको उत्पादक शक्ति' को गीत गाउन थाले । अध्यक्ष माओले चिनियाँ संशोधनवादीहरूलाई भन्नुभयो, "के लेनिनको प्रत्येक शब्दले, प्रत्येक वाक्यले ल्यू साओ ची र याङ सियन चेन जस्ता छद्म मार्क्सवादी धोकेवाजहरूलाई सबैभन्दा बढी घाइते हुनेगरी प्रहार गरेको छैन र ? उत्पादनका साधनको स्वामित्वमा समाजवादी क्रान्तिको विरोध गर्ने यी धोकेवाजहरू त्यसरी नै हजार कोस टाढाबाट 'पिछडिएको उत्पादक शक्तिको कारणले चीन समाजवादमा जान सक्दैन' भन्दै आफ्नो भ्रूठको बिन बजाइरहेका छन् । (उही, पृष्ठ २४३) ।" सन् १९५६ मा नै चीनमा समाजवादको आधार निर्माण भैसकेको अध्यक्ष माओको धारणा थियो । सभ्यताको विकास, उत्पादक शक्तिको विकास आदि नाराहरू प्रतिक्रान्तिका वैचारिक अस्त्र हुन् ।

परिवार सामन्ती समाजको सबैभन्दा तल्लो आर्थिक एकाइ हो । जसलाई सामूहिकीकरण नगरी समाजवादमा फड्को हान्न सकिन्न । सोभियत सङ्घमा सहकारीकरणको प्रक्रियाअन्तर्गत किसान अर्थतन्त्रलाई सामूहिकीकरण गरिएको थियो । चीनमा गृहयुद्धकालमा नै मुक्त क्षेत्रहरूमा सहकारी अभियान चलाइएको थियो । तर रुसको जस्तो परिस्कृत थिएनन् । त्यस सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "किसान समूहमा हजारौँ वर्षदेखि व्यक्तिगत अर्थव्यवस्थाको प्रथा चलिआएको छ जसमा हरेक परिवार वा घर एउटा आर्थिक एकाई हुन्छ । उत्पादनको यो छरपस्ट भएको व्यक्तिगत रूप सामन्ती शासनको आर्थिक जग हो जसले किसानहरूलाई स्थायी रूपले कङ्गाल बनाउँछ । यस्तो अर्थव्यवस्थालाई फेर्ने एउटै मात्र उपाय बिस्तारै सामूहिकीकरण गर्नु हो र लेनिनको भनाइअनुसार सामूहिकीकरण लागू गर्ने एउटै मात्र उपाय सहकारी समितिहरू बनाउनु हो । (माओ त्सेतुङ सङ्कलित रचनाहरू, भाग ३, पृष्ठ ११७) ।" जसरी कविला समाजलाई एकैचोटि समाजवादमा लैजान सकिन्छ, त्यसैगरी सामन्ती अर्थप्रणालीलाई पुँजीवादी अर्थप्रणालीमा नगईकन एकैपटक समाजवादमा फड्को मार्न सम्भव छ ।

## (ङ) चिनियाँ विशिष्टताहरू

चीनमा आन्तरिक रूपमा सामन्ती उत्पीडन र बाहिरबाट साम्राज्यवादी अतिक्रमण थियो । हङकङ, मकाउ, भित्री मङ्गोलिया र पूर्वी तथा दक्षिणी भूभागहरू विदेशीको कब्जामा थिए । जापान पूरै चीन निल्दै थियो । त्यस्तो अवस्थामा अध्यक्ष माओ नेतृत्वको चीनले तीन कार्यनीति लियो -

१) नोकरशाही र साम्राज्यवादी पुँजीलाई राष्ट्रिय स्वामित्वमा ल्याउने जुन अर्थतन्त्रको मेरुदण्ड थियो ।

२) राष्ट्रिय पुँजीको विकास गर्ने, उत्पादक शक्तिको विकासका लागि निजी पुँजीको संरक्षण गर्ने ।

## ३) पुँजीवादी जनवादी क्रान्तिलाई समा( जवादको बाटोमा अग्रसर गराउने ।

चीनको त्यसप्रकारको कार्यनीतिबाट देशभक्त, प्रगतिशील र राष्ट्रिय पुँजीपति वर्गसहित व्यापक स्तरको संयुक्त मोर्चा निर्माण गर्न सम्भव भएको थियो । राजकीय अर्थतन्त्रको नियन्त्रण र नेतृत्वमा मिश्रित अर्थतन्त्र स्वीकार गरियो । 'एक अर्थतन्त्र, दुई प्रणाली' भएझैँ 'एक देश, दुई राजनीतिक प्रणाली' द्वारा रक्तपातबिना नै हङकङ, मकाउ र तिब्बत मुख्य भूमिमा आए । यस सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "चीनको वर्तमान चरणका निम्ति बन्न लागेको व्यवस्था चीनको इतिहासको वर्तमान चरणको उपज हुनेछ र भविष्यमा निकै लामो समयसम्म चीनमा एउटा विशेष रूपको राज्य र राजनीतिक सत्ता रहनेछ । एउटा यस्तो रूप जो रुसी व्यवस्थाभन्दा एकदम बेग्लै खालको तर हाम्रानिम्ति भने एकदमै आवश्यक छ र तर्कसङ्गत अर्थात् जनवादी वर्गहरूको आपसी सहयोगमा आधारित नौलो जनवादी राज्य र राजनीतिक सत्ताको रूप हुनेछ (माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ३, पृष्ठ १८०, सिर्जनशील प्रकाशन, काठमाडौँ) ।" देशभक्त र राष्ट्रिय पुँजीपति वर्गलाई क्रान्तिकारी संयुक्त मोर्चामा ल्याउनुपर्ने बाध्यता र समाजवादको यात्रा सुनिश्चित गर्नुपर्ने उपायको खोजी गर्ने क्रममा 'नयाँ जनवादी क्रान्ति' प्रस्ताव गरिएको थियो । मित्रशक्तिहरूलाई आश्वस्त पार्दै सन् १९४५ को सातौँ महाधिवेशनमा भनिएको छ, "हाम्रो नौलो जनवादको सामान्य कार्यक्रम पुँजीवादी जनवादी क्रान्तिको चरणभरि अर्थात् अनेकौँ दशकसम्म अपरिवर्तनीय रहनेछ (उही) ।" सन् १९५७ मा पुग्दानपुग्दै चीनमा संशोधनवादी हावा तीव्र हुनु र रुसमा प्रतिक्रान्ति भएपछि (क्रान्तिकालीन संयुक्त मोर्चाले आफ्नो आधारभूत भूमिका पूरा गरिसकेको अवस्थामा) अध्यक्ष माओ समाजवादी क्रान्तिको चरणमा प्रवेश गर्नुपर्ने निष्कर्षमा पुग्नुभएको देखिन्छ ।

नेपालमा दलाल पुँजीपति वर्गको सत्ता रहेको कारण देशभक्त र राष्ट्रिय पुँजीपति वर्ग दुवै शोषण र उत्पीडनमा छन् । दलाल पुँजीवादसँग लड्ने र समाजवादको निश्चित चरणसम्म राष्ट्रिय पुँजीपतिवर्गको रक्षा गर्ने नीतिअन्तर्गत् क्रान्तिकारी कम्युनिस्ट, देशभक्त र राष्ट्रिय पुँजीपति वर्गका बीचमा संयुक्त मोर्चा बनाउने नीति लिइएको छ । जहाँ दलाल र नोकरशाही पुँजी कब्जा गरी राजकीय अर्थतन्त्रलाई मेरुदण्डका रूपमा विकास गरिनेछ । सोभियत सङ्घलाई नोकरशाही तथा राजशाही पुँजीवादसँग लड्नु परेको थियो भने चीनलाई सामन्तवाद र साम्राज्यवाद दुवैसँग एकैपटक लड्नु परेको थियो । नयाँ जनवादी क्रान्तिको कारण नै चीनमा संयुक्त मोर्चा सफल भयो । नेपालमा दलाल पुँजीवाद सत्तारूढ भएको कारण संयुक्त मोर्चाको रूप पनि चीन वा रुसभन्दा भिन्न हुनजान्छ ।

## (च) एकीकृत जनक्रान्ति नै किन ?

पार्टीको क्रान्ति सम्पन्न गर्ने बाटो वा तरिकालाई कार्यदिशा भनिन्छ । कार्यदिशा बुझ्नु भनेको क्रान्ति कसरी गर्ने ? क्रान्तिपछि कस्तो व्यवस्था स्थापना गर्ने ? भन्ने विषय हो । यस सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "हामीले पार्टीको आम कार्यदिशा र आम नीति साँच्ची नै बिर्सियौँ भने हामी अन्धा, अपरिपक्व र गोब्रेबुद्धि भएका क्रान्तिकारी बन्नेछौँ । त्यस्तो स्थितिमा आफ्नो काम, विशेष कार्ययोजना र विशेष नीति लागू गर्दा दिशाविहीन भएर कहिले देब्रे र कहिले दाहिनेतिर धर्मराउनेछौँ र त्यसबाट हाम्रो कामको सत्यानास हुनेछ (माओ त्सेतुङ सङ्कलित रचनाहरू, भाग ४ पृष्ठ २५९, नेपाली संस्करण) ।" अध्यक्ष माओले हामीलाई सिकाउनु भए अनुसार कार्यदिशाको बहसमा भाग लिएनौँ र जनतालाई आश्वस्त पार्न सकेनौँ भने क्रान्तिको काम राम्ररी अगाडि बढ्न सक्दैन ।

चीनको क्रान्ति पुँजीवादी जनवादी थियो । त्यो न पुँजीवादी र समाजवादी अर्थव्यवस्थाको मिश्रित अर्थव्यवस्था थियो । तर अर्थव्यवस्थाको मेरुदण्ड राजकीय अर्थव्यवस्था अर्थात् समाजवादी अर्थव्यवस्था नै थियो । क्रान्तिलगत्तै अर्थव्यवस्थालाई समाजवादी र सहकारी अर्थव्यवस्था (योगदान झण्डै ५० प्रतिशत) को स्वरूप अर्ध समाजवादी रहेको थियो । त्यसको साथमा निजी पुँजीवाद र व्यक्तिगत अर्थव्यवस्था पनि समानान्तर रूपमा चलिरहेको थियो । तत्कालीन चीनको आर्थिक ढाँचा हेर्दा पुँजीवादी जनवादी व्यवस्था भनिएपनि सुरुदेखि नै समाजवादी व्यवस्था नै थियो भन्न सकिन्छ ।

चिनियाँ कम्युनिस्ट पार्टी र कोमिन्ताङ पार्टीको बीचमा (माओ र डा.सन् यातसेनको बीचमा) संयुक्त मोर्चा बनेको थियो । क्रान्तिपछि राष्ट्रिय पुँजीपति वर्गको रक्षा गर्ने नीति नलिएको भए संयुक्त मोर्चा नै बन्न सक्दैनथ्यो र प्रगतिशील वर्गहरू बीचको एकता भाँडिन्थ्यो । न क्रान्ति हुन्थ्यो न त जापानी साम्राज्यलाई लघार्न सकिन्थ्यो । यस सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "चीनको वर्तमान चरणका निम्ति बन्न लागेको व्यवस्था चीनको इतिहासको वर्तमान चरणको उपज हुनेछ र भविष्यमा निकै लामो समयसम्म चीनमा एउटा विशेष रूपको राज्य र राजनीतिक सत्ता रहनेछ । एउटा यस्तो रूप जो रुसी व्यवस्थाभन्दा एकदम बेग्लै खालको तर हाम्रानिम्ति भने एकदमै आवश्यक र तर्कसंगत अर्थात् जनवादी वर्गहरूको आपसी सहयोगमा आधारित नौलो जनवादी राज्य र राजनीतिक सत्ताको रूप हुनेछ (माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ३, पृष्ठ १८८ अनुवाद खगेन्द्र सङ्ग्रौला, सिर्जनशील प्रकाशन, काठमाडौँ, २०५७) ।" जमिनदार वर्ग, सामन्ती युद्ध सरदारहरू र जापानी साम्राज्यवादका विरुद्ध सारा प्रगतिशील, जनवादी र देशभक्त शक्तिहरूलाई गोलबन्द गर्नको लागि कम्युनिस्ट र पुँजीपति दुवै वर्गको साझा राज्य जसमा सर्वहारा वर्गको नेतृत्वमा चल्ने राजनीतिक सत्ताको परिकल्पना गरिएको थियो । राष्ट्रिय पुँजीपति वर्गलाई विश्वासमा लिन अध्यक्ष माओ भन्नुहुन्छ, "हाम्रो नौलो जनवादको सामान्य कार्यक्रम पुँजीवादी जनवादी क्रान्तिको चरणभरि अर्थात् अनेकौँ

बाँकी पृष्ठ ७ मा

# दलाल पुँजीवाद र मूल्य विघटनको सन्दर्भ



समीर यात्री

संसद्वाद पुँजीवादी विचारधारामा आधारित राजनीतिक प्रणाली हो । उन्नाईसौँ शताब्दीसम्म पुँजीवादी विचारधाराले सामान्तवादविरुद्ध पुँजीवादी क्रान्तिको नेतृत्व गऱ्यो । पुँजीवाद साम्राज्यवादमा पतन हुन पुगेपछि यसले आफ्नो प्रगतिशील चरित्र गुमायो । पुँजीवादकै गर्भबाट पैदा भएको सर्वहारा वर्गले सर्वहारा क्रान्तिका अतिरिक्त पुँजीवादी क्रान्तिको समेत नेतृत्व लिनुपर्ने अवस्था आयो । बीसौँ शताब्दीको विश्वक्रान्तिको लहरमा सर्वहारावर्गले यसप्रकारको भूमिका कुशलतापूर्वक निर्वाह गऱ्यो ।

सर्वहारा क्रान्तिको चुनौती र पुँजीवादमा अन्तर्निहित सङ्कट झेल्दै आफूलाई जोगाउने क्रममा साम्राज्यवादले कतिपय नयाँ रणनीति विकास गऱ्यो भने कतिपय वैज्ञानिक समाजवादी अर्थराजनीतिका मान्यताहरूलाई रक्षाकवचका रूपमा प्रयोग गऱ्यो । यसले सर्वहारा शिविरभित्र भ्रम उत्पन्न गर्न, आन्दोलनलाई अन्योलग्रस्त पार्न र विघटनको अवस्थासम्म पुऱ्याउन धेरै हदसम्म बल पुऱ्यायो । सन् असीको दशकबाट विकसित हुँदै आएका साम्राज्यवादका नयाँ रणनीतिहरूले आज एक्काईसौँ शताब्दीसम्म आइपुग्दा उसलाई नयाँ ठाउँमा पुऱ्याएका छन । आजको विकसित साम्राज्यवादको यो चरित्रलाई हामीले उत्तरसाम्राज्यवाद भनेका छौँ । यो भनेको साम्राज्यवादको पछिल्लो अवस्था हो ।

साम्राज्यवादको चरित्रमा आएको परिवर्तनसँगै उसका लुटखसोटका तरिका र औपनिवेशीकरणका स्वरूपहरू पनि फेरिएका छन् । हिजो साम्राज्यवादले उत्पीडित राष्ट्रहरूमा प्रत्यक्ष हस्तक्षेप र शासन गर्थ्यो भने आज सम्बन्धित देशका पात्रहरूलाई दलालका रूपमा खडा गरेर उनीहरूमार्फत शासन गर्दछ । त्यसका निमित्त साम्राज्यवादले आफूअनुकूलकै राजनीतिक प्रणाली थोपर्ने, राजनीतिक दल निर्माण र परिचालन गर्ने र तिनै दलालहरूलाई सत्तामा पुऱ्याउने काम गर्दछ । हाम्रो सन्दर्भमा भारतीय साम्राज्यवादको यसप्रकारको भूमिका हामीले विगत लामो समयदेखि बेहोर्दै आएका छौँ । केही समययता यसमा अमेरिकी र युरोपेली रुची र भूमिकासमेत थपिएको छ । हामीले नेपालमा विगत तीन दशकदेखि अभ्यास गर्दै आएको संसदीय प्रणालीको राष्ट्रघाती र जनविरोधी चरित्र सबैले भोगेकै छौँ । पछिल्लो दशकमा यो दलाल संसद्वादमा पतन भइसकेको तथ्य सबैलाई थाहा छ ।

आज दुनियाँभरि संसदीय राजनीतिक प्रणाली साम्राज्यवादी लुटखसोटको प्रमुख हतियार बनेको छ । पुँजीवादीहरू संसद्वादलाई लोकतन्त्रको सर्वोत्तम गहना ठान्दछन् किनकि संसद्वादले बेरोकटोक लुटखसोटलाई लोकतान्त्रिक अधिकार ठान्दछ र लुटिन विवश निमुखाहरूले आफ्नो 'अक्षमता' प्रति आत्मग्लानि गर्दै चुपचाप सहनुलाई लोकतान्त्रिक कर्तव्य सम्झन्छ । यसले आजको दुनियाँमा संसद्वादी राजनीतिक प्रणाली सबैभन्दा बढी असफल, अफापसिद्ध र निकम्मा भएको कुरालाई नै पुष्टि गर्दछ र मानवजातिको सर्वोत्तम सभ्यता वैज्ञानिक समजवादले मात्र हाम्रो भविष्य सुरक्षित गर्न सक्छ भन्ने सत्यको महत्वलाई आज कयौँ गुणा बढाइदिएको छ ।

माओवादी र संसद्वादी शक्तिहरूबीच भएको बाह्रबुँदे दिल्ली सहमति नै नेपालको माओवादी आन्दोलनलाई विघटन गर्ने र संसद्वादी राजनीतिक प्रणालीलाई दलाल संसद्वादमा पतन गराउने वैचारिक आधार हो । त्यसअगाडिसम्म नेपालको संसदीय राजनीतिका दुईवटा केन्द्र थिए, एउटा नारायणहिटी दरबार र अर्को दिल्ली दरबार । नारायणहिटी र दिल्लीबीच सङ्घर्ष र सम्झौताको सम्बन्ध थियो । दिल्ली सहमतिको मार्गचित्रले नारायणहिटी केन्द्र भत्काएर दिल्लीलाई एकल केन्द्रका रूपमा स्थापित गऱ्यो । त्यसयता संसद्वादीहरूको मक्कामदिना दिल्ली रहँदै आएको छ । पछिल्लो समय यो पश्चिमा शक्तिकेन्द्रहरूसम्म पुगेको छ । यसरी आज राजतन्त्रात्मक संसद्वादको ठाउँ दलाल संसद्वादले लिएको छ । त्यससँगै अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थावाट मुलुक दलाल पुँजीवाद र नवऔपनिवेशिक अस्थामा प्रवेश गरेको छ । यस अर्थमा आज दलाल पुँजीवाद स्थापित भएको छ ।

आज राष्ट्रिय स्वाधीनता, अखण्डता र सार्वभौमिकतामाथिको खतरा कयौँ गुणा बढेर जानु यही दलाल पुँजीवादकै उपज हो । संसद्वादी दल र तिनका नेताहरू एकअर्कालाई उछिनपाछिन गर्दै निर्लज्जतापूर्वक वैदेशिक शक्तिकेन्द्रहरूको पाउमा घोप्टिनु पनि यही दलाल संसद्वादकै परिणाम हो । मधेसवादको आवरणमा मधेसी साहूमहाजनहरूले दिल्लीको स्वार्थ बोकेर उट्पट्याङ गर्दै आउनु, राष्ट्र, जनता र क्रान्तिप्रति गद्दारी गरेर साम्राज्यवादको नयाँ नोकरका रूपमा भर्ती भएको प्रचण्ड समूहले दलाल गणतन्त्रमाथि एकल हक दाबी गर्दै बिलौना गर्नु, भारतीय संस्थापनको रुचिभन्दा बाहिर रहेर सत्तामा जान नपाइने भो भन्ने बहसले पूर्वएमालेमा प्रवेश पाउनु र शेरबहादुरको भारतभक्तिको चर्को उखर्माउलोले दलाल संसद्वादको चरित्रचित्रण बडो सुन्दर ढङ्गले गरिसकेको छ ।

> माओवादी र संसद्वादी शक्तिहरुबीच भएको बाह्रबुँदे दिल्ली सहमति नै नेपालको माओवादी आन्दोलनलाई विघटन गर्ने र संसद्वादी राजनीतिक प्रणालीलाई दलाल संसद्वादमा पतन गराउने वैचारिक आधार हो ।

संसद्वादले राजनीतिलाई फोहोरी खेलमा परिणत गरिदिएको छ । संसद्वादीहरूद्वारा अल्छी, आवारा, धूर्त, गुण्डा, चतुर र गँजडीहरूको पेसाजस्तो बनाइएको राजनीतिकै कारण आज देश र जनताले दुःख पाएको तथ्य बुझ्न कुनै गाह्रो छैन ।

वास्तवमा राजनीति स्वयम्सेवी कर्म हो । यसर्थ इमान, निष्ठा र आदर्शको मूल्यबोधबिना यो सही दिशामा अगाडि बढ्न सम्भव हुँदैन । इमान, निष्ठा र आदर्शले राजनीतिको गौरवपूर्ण विरासत कायम गर्दछ । त्यही विरासत पुस्ता हस्तान्तरण हुँदै राजनीतिक यात्रा निर्दिष्ट लक्ष्यको दिशामा अगाडि बढ्ने हो ।

हामीकहाँ यो हुन नसक्नुको मूल कारण राजनीतिमा मूल्य विघटनको समस्या हो । राजनीतिमा मूल्य विघटन दलालीकरणको अर्को आयाम हो । काङ्ग्रेसमा मूल्य विघटनकै कारण गणेशमान र कृष्णप्रसाद भट्टराईहरू जीवनको उत्तरार्द्धमा वाक्कदिक्क भएर राजनीतिक संन्यास लिन पुगे । मूल्य विघटनकै कारण झापा विद्रोहका योद्धाले बल्खु दरबारमा झुन्डिएर आत्महत्या गर्नुपऱ्यो । मूल्य विघटनकै कारण जनयुद्धका लालजोडीहरूले प्रचण्ड निवासको गेटबाट आँसु झार्दै लखेटिनुपऱ्यो । मूल्य विघटनकै कारण जनयुद्धको सुप्रिमो साम्राज्यवादको योजनामा दलाल गणतन्त्रको कार्यकारी प्रमुख बन्ने र जगत्को आँखा छलेर विदेशी गुप्तचरलाई बालुवाटार भित्र्याउनेसम्मको लज्जाजनक अवस्था देखा पर्छ । यही कारण जनयुद्धका योद्धाहरू पेरिसडाँडा पुगेर आफ्ना माग राख्दा लाठी खाएर लखेटिनुपर्छ ।

चुनावका लागि काङ्ग्रेस-माके र एमाले-राप्रपाबीच भएको अश्लील गठजोड होस् वा एमाले-माकेको कथित वामगठबन्धनको नौटङ्की होस् वा कम्युनिस्ट एकताका नाममा प्रचण्डहरूको एमालेकरण होस्, यसले दलाल संसद्वादी राजनीतिमा मूल्य विघटनको हास्यास्पद अवस्थालाई नै पुष्टि गर्दछ । अझ भरतपुरमा देखापरेको प्रचण्डपुत्री रेणुको रोदनले त जग नै हँसाएको हो ।

संसद्वादीहरूको मूल्य विघटन फासिवादी दमनका रूपमा समेत प्रकट भएको छ । संसदीय लोकतन्त्रको मान्यताअनुसार कुनै पनि चुनावको पक्ष वा विपक्षमा जनताले आफ्नो मत व्यक्त गर्न पाउने अधिकार सुरक्षित हुन्छ । त्यसैगरी राजनीतिक दलहरूले आफ्नो उद्देश्यअनुरूप चुनावमा सहभागिता जनाउने वा अस्वीकार गर्ने स्वतन्त्रताको उपभोग गर्न पाउँछन् । स्वतन्त्रतापूर्वक राजनीतिक गतिविधि गर्न पाउँछन्, राज्यको गलत क्रियाकलापका विरुद्ध आवाज उठाउन पाउँछन् ।

तर यहाँका संसद्वादीहरू आफ्नै संसदीय मान्यताको समेत खिल्ली उडाउँदै फरक मत र दृष्टिकोणमाथि फासिवादी रबैया अपनाउँछन् । कानुनी राजको डङ्का पिटेर कहिल्यै नथाक्ने यी संसद्वादी बुख्याँचाहरू आफ्नै नियम, कानुन, संवैधानिक मान्यताको धज्जी उडाउँदै गैरकानुनी गिरफ्तारी, झूट्टा मुद्दा, दमन र हत्याकाण्डसम्म मच्चाउने काम गरिरहेका छन् । नयाँ जोगीको खरानीघसाइजस्तो यो डरलाग्दो मूल्य विघटनमा यतिबेला प्रचण्डमण्डलीले सबैलाई उछिनेको छ । यो मूल्य विघटन आज दलाल सत्ता संस्कृतिका रूपमा संस्थागत हुन पुगेको छ ।

दलाल संसद्वादी प्रणालीमा राजनीतिक निष्ठा, मूल्य र आदर्शको अपेक्षा गर्नु सर्वाधिक रूपले निरर्थक कुरा हो किनकि दलालहरूको कुनै राजनीतिक निष्ठा र मूल्य हुँदैन । कुनै वैचारिक आस्था र आदर्श हुँदैन । सत्ताका लागि दलालहरू जुनसुकै हदसम्म गिर्न पनि तयार हुन्छन् । जहाँसुकै झुक्न पनि तयार हुन्छन् किनकि उनीहरूको स्वत्व र स्वाभिमान मरिसकेको हुन्छ । दलाल संसद्वादीहरूको राजनीतिक लीलाबाट पुष्टि भइसकेको तथ्य यही नै हो ।

यस अर्थमा राष्ट्र र जनताको भविष्य दलाल संसदीय प्रणालीमा सुरक्षित हुन सम्भव छैन । तीन दशकको अभ्यासबाट नेपालमा असफल सिद्ध भइसकेको यो संसद्वाद आज फेरि नयाँ रङरोगनका साथ नेपाली जनतामाथि बलजफ्ती थोपरिएको छ । राजतन्त्रात्मक संसद्वादको विकल्प दलाल पुँजीवाद कदापि हुन सक्तैन । यसको विकल्प वैज्ञानिक समाजवाद नै हो । वैज्ञानिक समाजवादको बाटो संसद्वादी भुलभुलैया होइन, एकीकृत जनक्रान्तिको बाटो हो ।

---

# जनक्रान्तिको आवश्यकता

> यो प्रतिबन्ध आफ्ना राष्ट्रघात, भ्रष्टाचार, महँगी कमिसन, बलात्कारलाई लुकाउन मञ्चन गरिएको नाटक हो । यसलाई क्रान्तिकारीहरु र नेपाली जनताले चिर्दै अगाडि बढिरहेका छन् । हामी सबै प्रगति, उन्नति, समृद्धि, राष्ट्रियता पक्षधरहरुले यसलाई निमिट्यान्न पार्नैपर्छ । आज सबैले विप्लव अर्थात् नेकपाबाट सिङ्गो देशले आशा गरेको छ । यो आशालाई हामी क्रान्तिकारीहरुले डटेर पूरा गर्नैपर्छ ।

प्रकाश मल्ल



आज देश कम्युनिस्ट नामको कथित दलाल संसदीय व्यवस्थाका कारणले थिलथिलो बनेको छ । यो दलाल व्यवस्था र यसका एजेन्टहरूले गर्दा देशमा राजनीतिक सङ्कट पैदा भएको छ । राष्ट्रियता चरम सङ्कटमा परेको छ । जनजीविका प्रभावित भएको छ र यो दलाल संसदीय व्यवस्थाको हिमायती दलाल पुँजीले गर्दा राष्ट्रियता, जनजीविका, देशको आर्थिक अवस्था, सामाजिक अवस्था, सांस्कृतिक अवस्था, पारिवारिक अवस्था सबै धरापमा परेका छन् । दलालहरू दिन दुई गुना, रात चौगुना धनाढ्य बनिरहेका छन् । सही राजनीतिक मूल्य र मान्यताको खिल्ली उडाइएको छ । इमानदारी र नैतिकताको अन्त्य भएको छ । विकासका नाममा भ्रष्टाचारलाई दलाल संसदीय व्यवस्थाले वैधानिकता दिएको छ । बलात्कारलाई प्रोत्साहन दिइएको छ र कमिसनका आधारमा बलात्कारीलाई दलाल व्यवस्थाका नाइकेले संरक्षण गरिरहेका छन् । देशको सार्वभौमिकता र अखण्डतालाई दलालले सम्झौतामा राखेर साम्राज्यवादको गतिलो विश्वासिलो नोकर बन्ने प्रयत्नमा लुछाचुँडी गरिरहेका छन् र यिनीहरूलाई लालायित गर्न लगाउने दलाल पुँजीले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, पारिवारिक हिसाबले खलल पुऱ्याएको छ । सबै तहमा धार्मिक दलाल पैदा गरिरहेको छ ।

रोजगारीका नाममा दक्ष ऊर्जाशील युवशक्तिलाई विदेशीको गुलाम बन्न बाध्य पारेको छ । विकासका नाममा राष्ट्रिय उद्योग-कलकारखाना बेचेर खाएका छन् । राष्ट्रिय गौरवका योजनामा दलाली गरेर कमिसनको लोभमा कार्यकर्ता भर्तीकेन्द्र बनाई धराशायी बनाइएको छ । राष्ट्रिय पुँजीलाई बाध्य भएर बिदेसिन लगाइएको छ, नत्र आत्मसमर्पण गर्न लगाइएको छ । यही कारणले यो दलाल संसदीय व्यवस्थाको अन्त्यका लागि हामीले आह्वान गर्‍यौँ । आजसम्मका सम्पूर्ण आन्दोलनले पनि परिवर्तन नभएकाले आदरणीय महासचिव कमरेड विप्लवको मूल नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी गठन गरेर हामीले यो दलाल संसदीय व्यवस्थाका कारण गरिबीको अन्त्य भएन, रोजगारीको ग्यारेन्टी भएन, राष्ट्रियताको संरक्षण भएन, जनताको सुरक्षा भएन, समान शिक्षा भएन । निःशुल्क स्वास्थ्य उपचार भएन । सही राजनीतिक संस्कार भएन । यो व्यवस्थाले भ्रष्टाचारलाई वैधानिकता दियो । प्रतिष्ठाको, राजनीतिक इमानदारीको राजनीति गर्नेलाई पनि दलालीमा, मोलमोलाइमा बदलिदियो भन्दा कम्युनिस्ट नामका दलाल संसद्वादीहरूले आफ्नो कुकृत्य लुकाउन क्रान्तिकारीहरूमाथि प्रतिबन्ध लगाएको सबैलाई थाहा छ । यो हाम्रो लडाइँ दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी सत्ता स्थापनाको आन्दोलन हो । हामी दलाल संसदीय व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नेछौँ ।

वैज्ञानिक समाजवादी व्यवस्थामा क्षमताअनुसारको काम आवश्यकताअनुसारको दाम, रोजगारीको ग्यारेन्टी, समान पाठ्यक्रमअनुसार शिक्षानीति, निःशुल्क स्वास्थ्यउपचार, राष्ट्र र जनताको सुरक्षा, सबै क्षेत्रमा वैज्ञानिक समाजवादी व्यवस्थाको लगानी हुन्छ । भ्रष्टाचार अन्त्य हुन्छ । इमानदारी, नैतिकता, समर्पणसहितको कम्युनिस्ट राजनीतिक संस्कार, जनताको व्यवस्था भनेको हुनाले यो दलाल संसदीय व्यवस्था र यसका दलालहरूले क्रान्तिकारीमाथि प्रतिबन्ध लगाए । दलालहरूले जनताले भन्दा छिटो बुझे- विप्लवका कारण हामीले लुटिखाएको, पाएको दलाली र लुटको स्वर्गको अन्त्य हुन्छ । त्यही भएर यो प्रतिबन्ध आफ्ना राष्ट्रघात, भ्रष्टाचार, महँगी कमिसन, बलात्कारलाई लुकाउन मञ्चन गरिएको नाटक हो । यसलाई क्रान्तिकारीहरू र नेपाली जनताले चिर्दै अगाडि बढिरहेका छन् । हामी सबै प्रगति, उन्नति, समृद्धि, राष्ट्रियता पक्षधरहरूले यसलाई निमिट्यान्न पार्नैपर्छ । आज सबैले विप्लव अर्थात् नेकपाबाट सिङ्गो देशले आशा गरेको छ । यो आशालाई हामी क्रान्तिकारीहरूले डटेर पूरा गर्नैपर्छ ।

आज जनताले आशा गरेको क्रान्तिकारी शक्ति वा पार्टी कोही छ भने विप्लवले नेतृत्व गरेको नेकपा मात्र हो । यो नै आम बुझाइ हो । यसको अर्थ अरूमा भएका सबै गैरक्रान्तिकारी भन्ने होइन । अरू क्षेत्रतिर भएका इमानदार क्रान्तिकारीहरू पनि अब क्रान्तिको मूलबाटोमा आउन जरुरी छ । यो भनेको एकीकृत जनक्रान्तिको, वैज्ञानिक समाजवाद स्थापनाको मूल बाटो हो । यसमा सहभागी बनौँ । नत्र नाम मात्रको कम्युनिस्ट बन्नु व्यर्थ हो । नेकपाले भनेका सबै विषय आज प्रमाणित भएका छन् । सिंगो नेपाली जनता, नागरिक समाज, मानवअधिकार, प्रगतिशील कम्युनिस्ट, सुरक्षा निकाय, राष्ट्रवादी, राजनीतिज्ञ सबैले विप्लवबाट ठूलो आशा गरेका छन् । हाम्रा गतिविधिमा समर्थन र साथ पनि दिएका छन् । समग्र हिसाबले यो समस्याको निकासका लागि लागिपरेका छन् । आशावादी पनि छन् । हाम्रो विचारमा धेरैले आशा, मुक्तिको त्यान्द्रो देखेका छन् र कहीँकतै छिटफुट शङ्का पनि गरिरहेका छन् । यसका लागि क्रान्तिका क्रममा जातिगत चिन्तनबाट माथि उठ्नैपर्छ । अस्पष्ट, अस्वस्थ, अपारदर्शी सम्बन्धलाई अन्त्य गर्नुपर्छ ।

राजनीतिभन्दा पनि क्रान्तिकारी सम्बन्ध कायम गरौँ । एजेन्सी तहको सम्बन्ध कायम नगरौँ । क्रान्तिका नाममा, नेताका नाममा, जिम्मेवारीको नाम बेचेर एजेन्सी तहको सम्बन्ध कायम गरी ब्रह्मलुट गर्ने, विचार र राजनीतिलाई जबर्जस्ती गैससको तरिकाले गलत प्रभाव पार्ने निच, पुरातनवादी सोचाइले कहिल्यै क्रान्तिलाई फाइदा पुऱ्याउँदैन । हाम्रासामु इतिहास कायमै छ । कमरेडली सम्बन्ध कायम गरौँ । पार्टीमा कोही नेताले गरेको पहल पवित्र क्रान्तिकारी पहल हुने, सारथी कमरेडले गरेको अपवित्र गठबन्धन हुने, गैरक्रान्तिकारी हुने यो कस्तो बुझाइ हो । पार्टीमा दबदबा कायम गर्नु छ भने विचारको, कार्यदिशाको हैकम कायम गर, पार्टीमा हालीमुहाली कायम गर्नु छ भने सिद्धान्तको गर, नत्र एक दिन गलत साबित हुन्छ । क्रान्तिकारी नीति, विधि, कमरेड्ली भावनाको हैकम कायम गर । सिद्धान्तलाई ठगेर नेतालाई भ्रममा पारेर कथित चिन्तन, जातिगत सोचाइ र व्यक्तिगत सोचाइबाट पार्टीलाई भ्रममा पार्नु नै कथित नोकरशाही र चाकडीबाज सोचाइ हो । यो नै संसदीय चिन्तन हो ।

अन्तरपार्टी जीवनको प्रमुख शत्रु पनि हो यो । क्रान्तिकारी नेताले समग्र स्थितिको अध्ययन गर्नु आजको मुख्य आवश्यकता हो । सीमित व्यक्तिसँगको सम्बन्ध, केही व्यक्तिको रिपोर्टका आधारमा बनाइने मनोविज्ञान र गरिने निर्णय पार्टीका लागि घातक हुनसक्छ । नेतृत्व चौतर्फी ऐतिहासिक द्वन्द्ववादी हुनुपर्छ । यहीँनेर समिति, विधि, नीतिको अभाव महसुस हुन्छ । यहाँसम्म आइपुग्दा महासचिवको नेतृत्वमा नेकपाले अगाडि सारेको विचार अन्तर्राष्ट्रिय स्तरसम्म पनि चिरपरिचित भएको छ । हाम्रा मुद्दा अन्तर्राष्ट्रियकरण भएका छन् । विश्वको ध्यान केन्द्रित भएको छ । अझ एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने पवित्र क्रान्तिकारी उद्देश्यका साथ गहन अमूल्य जीवन अर्पण पनि भएको छ । यो बलिदानले एकीकृत जनक्रान्तिप्रति समर्पण र यसको उचाइ पुष्टि भएको छ । यही सन्दर्भमा पार्टीभित्र थोरै सङ्ख्यामा घैँटे मनोवृत्ति, क्रान्तिका नाममा केही अमूक व्यक्तिले गरेको भ्रष्टाचारले कहिलेकहीँ क्रान्तिकारीहरूमा पर्न गएको नराम्रो प्रभावले पवित्र क्रान्तिकारी बलिदानमाथि पश्न उठ्छ । यो पानीको फोकाजस्तो मात्र हो । यो गलत प्रवृत्तिको समयमै वैज्ञानिक क्रान्तिकारीहरूले बन्ध्याकरण गर्नुपर्छ । भ्रष्टाचार भनेको आर्थिक अनिमियतता मात्र होइन, यहाँ भ्रष्टाचार राजनीतिको तहमा, विचारको तहमा, सम्बन्धको तहमा, सङ्गठनको तहमा छ । पार्टीको विचार र सिद्धान्तलाई तलसम्म स्पष्ट पारेर नलैजानु पनि भ्रष्टाचार हो । व्यक्तिका कुरा पनि एकीकृत जनक्रान्ति हो भन्नु अर्थात् गलत सम्बन्ध पनि सही हो भन्नु, पार्टी नीतिलाई जनतासम्म पुऱ्याउँदा जातिवादी कुरा गर्नु यहीँ लिप्त हुनु यही नै सङ्गठन हो भन्नु, राजनीतिक हिसाबले पार्टी समितिका कमरेडलाईभन्दा पनि बाहिरकालाई विश्वास गर्नु, सम्बन्धका आधारमा विधि र प्रक्रिया तोडी अपवित्र गठबन्धन कायम गर्नु, कमरेडलाई दुस्मन देख्नु अथवा विश्वास नगर्नु नै भ्रष्टाचार हो । एक शब्दमा भन्दा एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवाद, समग्र पार्टीनीति, विधि र विचारलाई स्पष्ट अक्षरशः तल्लो तहसम्म नपुऱ्याउनु नै भ्रष्टाचार हो ।

सङ्गठनमा नेतालाई पैसा दिने, आफूले भनेको मान्ने मान्छेलाई कहीँ नभएको कथित फास्ट ट्र्याकबाट केन्द्रीय नीति, विधि नमानी बढुवा गर्नु, सङ्गठनलाई अमर्यादित तरिकाले एजेन्सी तहबाट सञ्चालन गर्नु नै भ्रष्टाचार हो । क्रान्तिकारी र वैज्ञानिक भनाउँदाले हाम्रो विचार र लक्ष्य नबुझ्नु पनि भ्रष्टाचार हो । जसले आफूलाई पार्टीमा बौद्धिक भन्छन् । आज क्रान्तिलाई चाहिएको कम्युनिस्ट क्रान्तिकारी बौद्धिक राजनीतिज्ञ हो, यो एकीकृत जनक्रान्ति वैज्ञानिक समाजवादलाई आवश्यक छ । राजनीतिज्ञ र बौद्धिक-सैद्धान्तिक हुनु त फरक हो नि । राजनीतिज्ञले पनि आफूलाई बौद्धिक ठान्छन् । यही समस्या हो । क्रान्तिकारीहरू कम्युनिस्ट मूल्य-मान्यतासहितको राजनीतिज्ञसहित बौद्धिक-सैद्धान्तिक हुन्छन् । यो एकीकृत जनक्रान्तिको आवश्यकता हो । त्यसकारण वैज्ञानिक क्रान्तिकारीहरूले यस्ता कहीँ बर्खे च्याउजस्ता, खोज्नलाई साह्रै कठिन पर्ने, साह्रै मेहनत गर्नुपर्ने, भेट्दा पनि टाउका नभएका, ढाड भाँचिएका, पुच्छर चुँडिएकाजस्ता गलत, गैरक्रान्तिकारी मनोवृत्तिलाई कतै अपवादमा देखिन खोजेमा क्रान्तिकारी पार्टी, नेता, कार्यकर्ता, जोसिला युवा शक्तिले सदाका लागि अन्त्य पारौँ र एकीकृत जनक्रान्तिलाई अर्गानिक क्रान्तिकारी मलजल दिई राम्रो उत्पादनमा दरिलो जोसिलो साथ दिऔँ । सहभागी बनौँ ।

# सापेक्षित अतिरिक्त जनसंख्या पुँजी संचयको अपरिहार्य परिणाम हो



अनुवाद : भेषराज भुसाल

सापेक्षित अतिरिक्त जनसंख्या पुँजी संचयको अपरिहार्य परिणाम हो

पुँजीका अवयवी संघटकमा भएको वृद्धिले श्रमशक्तिको भागलाई सापेक्षिक कमी ल्याइदिन्छ । यद्यपि पुँजी संचय अगाडि बढ्नुका साथै श्रमशक्तिको आपूर्ति अत्यन्त धेरै बढ्न जान्छ । पुँजीवादी उत्पादन प्रविधिहरुको विकास र मेशिनहरुको व्यापक रुपमा अपनाउनाले कैयौं श्रमकार्य यति सरलीकृत हुन गए कि अधिकांश महिलाहरु र बालबालिकाहरु पनि किरायका मजदूरहरुमा सम्मीलित हुन सक्दथे । यसका साथै पुँजी संचयको अवधीमा ठूलो संख्यामा साना माल उत्पादक र साना पुँजीपतिको टाट पल्टिन गयो र आफ्नो श्रमशक्ति विक्रि गर्नकालागि बाध्य हुन गए । ग्रामीण क्षेत्रहरुमा पुँजीवादको विकासले ठूलो संख्यामा किसानहरुलाई पनि कंगाल बनाइ दियो जुन जीवनयापनकालागि कमाउनका निम्ति शहरहरुमा घुइँचो लाग्यो । यी सबै कारणहरुबाट श्रमशक्तिको आपूर्ति अत्यन्त धेरै बढ्न गयो ।

यसप्रकार एकातर्फ श्रमशक्तिको भागमा सापेक्षिक रूपबाट कमी आयो, अर्कोतर्फ श्रमशक्तिको आपूर्ति अत्यन्त धेरै बढ्न गयो । परिणाम के भयो भने पुँजीवादी समाजमा हरेक समय बेरोजगारहरूको एउटा ठूलो समूह उपस्थित रहन जान्छ जुन सापेक्षित जनसङ्ख्या हुने गर्दछ ।

यो तथाकथित सापेक्षित अतिरिक्त जनसङ्ख्या केवल पुँजीवादी मागको सन्दर्भमा 'अतिरिक्त' वा 'फाल्तु' हुने गर्दछ । यसको अर्थ यस्तो हुँदैन- जनसङ्ख्या यति धेरै भयो, तिनका लागि पर्याप्त पुग्दैन । वास्तवमा निरपेक्ष अतिरिक्त जनसङ्ख्या जस्तो कुनै चीज नै हुन सक्दैन किनभने व्यक्तिसँग केवल खानका निम्ति मुख मात्रै हुँदैन, ऊसँग दुईवटा हात पनि हुन्छन् जसबाट उसले भौतिक सम्पत्ति उत्पादन गर्न सक्छ । जब श्रमजीवी जनताका हातमा साधन सिर्जित गर्नका निम्ति उत्पादनको गहिराइ र विस्तार दुवैलाई उन्नत बनाउनेछ, जसबाट आम जनताले भन्दा कैयौँ धेरै वैविध्यपूर्ण जीवन जिउन सक्नेछ । केवल पुँजीवादी समाजमा जहाँ मजदुरहरूको भाग्य उनीहरूको हातमा हुँदैन र मेसिनहरूलाई पुँजीका रूपमा प्रयोग गर्ने गरिन्छ, मजदुरहरूलाई सापेक्षिक अतिरिक्त जनसङ्ख्याका रूपमा विस्थापित गरिदिइन्छ । यसकारण मार्क्सले सापेक्षिक अतिरिक्त जनसङ्ख्यालाई 'पुँजीवादी उत्पादन प्रणालीअन्तर्गत जनसङ्ख्याको एउटा विशिष्ट नियम' भन्नुभएको थियो । उहाँले बताउनुभएको थियो, 'अतिरिक्त मजदुर जनसङ्ख्या पुँजीवादी आधारमा सम्पत्तिको सञ्चय अथवा विकासको एउटा अपरिहार्य परिणाम हो ।'५

पुँजीवादी समाजमा अतिरिक्त जनसङ्ख्याका तीनवटा मूल रूप हुने गर्दछन् ।

पहिलो सचल अतिरिक्त जनसङ्ख्या । यो त्यसको बेरोजगार जनसङ्ख्या हुने गर्दछ जुन उत्पादन प्रक्रियामा अस्थायी रूपमा विस्थापित भएको हुन्छ । यसप्रकारका बेरोजगार जनसङ्ख्या औद्योगिक केन्द्रहरूमा सबभन्दा धेरै हुन्छन् । आर्थिक सङ्कटहरूको समयमा नयाँ मेसिनहरू र नयाँ प्रविधिहरू अपनाउनाले केही मजदुर विस्थापित हुन जान्छन् । यद्यपि सङ्कट हटेपछि वा उद्योग अझ धेरै हुन गएमा ती बेरोजगार मजदुरहरूमध्ये अधिकांशलाई कारखानाहरूमा फिर्ता लिने गरिन्छ । पुँजीवादी देशहरूमा अत्यन्त थोरै त्यस्ता मजदुर हुन्छन् जसलाई कुनै न कुनै समय बेरोजगारी झेल्न नपरेको होस् । अधिकांश मानिस कहिले रोजगार पाउँछन् त कहिले सडकमा आउने गर्छन् ।

दोस्रो हो अदृश्य अतिरिक्त जनसङ्ख्या अर्थात् ग्रामीण क्षेत्रका अतिरिक्त जनसङ्ख्या । कृषि उत्पादनको पुँजीवादीकरण र पुँजीका अवयवी सङ्घटकमा वृद्धि भएपछि कृषि मजदुरहरूको माग घट्न जान्छ । योभन्दा पनि बढेर कृषि क्षेत्रमा श्रम शक्तिको यो विस्थापन निरपेक्ष हुने गर्दछ । जबसम्म अर्को नयाँ जमिन कृषियोग्य बनाइँदैन तबसम्म अरू श्रमशक्ति खपत हुन सक्दैन । पुँजीवादी कृषिद्वारा विस्थापित मजदुरहरू केही सहरहरूमा जाने गर्दछन् । अन्य जमिनको सानो टुक्रासँग टाँसिइरहन्छन् । केहीले यताउताका काम गरेर पेट पाल्छन् । उनीहरू स्वरूपमा बेरोजगार नदेखिन सक्छन् तर कृषि उत्पादनका निम्ति तिनीहरू फाल्तु हुने गर्छन् । यसलाई अदृश्य अतिरिक्त जनसङ्ख्या भन्दछन् ।

तेस्रो हो स्थिर अतिरिक्त जनसङ्ख्या । यी मानिसहरूले घरेलु कामकाज वा यताउताका सानातिना काम गर्ने गर्दछन् । उपलब्ध श्रमशक्तिको एउटा हिस्सा भएर पनि तिनीहरूको कुनै स्थायी पेसा हुँदैन । आमरूपमा उनीहरूका कामका घण्टा अत्यन्त धेरै र ज्याला अत्यन्त न्यून हुने गर्दछ । उनीहरूको जीवनस्तर मजदुर वर्गको औसत जीवनस्तरभन्दा धेरै तल हुने गर्दछ ।

पुँजीवादी समाजमा 'फाल्तु' जनसङ्ख्याका उपरोक्त तीनवटा रूपहरूका अतिरिक्त हदै गरिब मानिसहरूको एउटा धेरै ठूलो सङ्ख्या हुने गर्दछ जुन अरूहरूको दयामा निर्भर रहन्छ र भिक मागेर गुजारा गर्दछ । यिनीहरूमा वृद्धवृद्धा, कमजोर, अपाङ्ग, अनाथ र घरवारविहीन मानिसहरू सामेल हुन्छन् जुन विभिन्न कारणहरूबाट श्रम गर्ने क्षमता हराइसकेका हुन्छन् । यिनीहरू सापेक्षिक अतिरिक्त जनसङ्ख्याकाको सबभन्दा तल्लो पिँढीमा हुन्छन् र यिनको अवस्था सबैभन्दा नराम्रो हुने गर्दछ ।

सापेक्षित अतिरिक्त जनसङ्ख्या पुँजी सञ्चयको अपरिहार्य परिणाम हो । यसका साथै यी मानिस पुँजी सञ्चयमा एउटा औजार, कहाँसम्म भने पुँजीवादी उत्पादन प्रणाली बनिरहन र त्यसको विकासको एउटा सर्त पनि बन्न जाने गर्दछन् । पुँजीपतिले बेरोजगार मजदुरहरूको उपस्थितिलाई काममा लागेका मजदुरहरूको शोषण-उत्पीडन बढाउनका निम्ति 'ट्रम्प कार्ड' का रूपमा प्रयोग गर्दछ । पुँजीपतिको मुखबाट यस्ता विषैला शब्द प्रायः सुन्ने गरिन्छ, 'सयवटा कुकुर खोज्नु सयजना मजदुरहरूको व्यवस्था गर्नुभन्दा कठिन छ ।' पुँजीपति यति आक्रामक किन हुन्छ ? किनकि कारखानाको गेटबाहिर हजारौँहजार बेरोजगार मजदुर उपस्थित छन् । पुँजीपतिले कारखानाभित्रका मजदुरहरूलाई धम्क्याउन र उनीहरूको ज्याला कम गर्नका लागि ती बेरोजगारहरूलाई प्रयोग गर्दछ । यसका साथै प्रतिस्पर्धा र अराजकताका बीच पुँजीवाद विकसित भइरहन्छ र अचानक खुम्चिने र फैलिने क्रम यसको अभिलाक्षणिकता हुने गर्दछ । जब उत्पादन अचानक विस्तारित हुन जान्छ तब पुँजीपतिलाई श्रमको माग श्रमशक्तिमा स्वाभाविक रूपबाट हुने वृद्धिबाट पूरा हुन पाउँदैन । पुँजीपतिलाई श्रमशक्तिको 'सुरक्षित भण्डार' को आवश्यकता हुने गर्दछ । पुँजीवादी उत्पादन प्रणालीको अस्तित्व र विकास त्यसबिना हुन सक्दैन ।

माल्थसको जनसङ्ख्याको सिद्धान्त पुँजीवादलाई सुरक्षा गर्नका निम्ति मनगढन्ते एउटा प्रतिक्रियावादी भ्रान्ति हो ।

पुँजीवादी समाजमा बेरोजगारहरूको फौजको उपस्थिति पुँजीपतिका निम्ति एउटा 'राम्रो' चीज हो किनभने यसले शोषणमा मद्दत गर्दछ । तर पनि यो उसका लागि सरमको विषय पनि हुन्छ किनभने यसका कारण उसको तथाकथित सभ्य देश असभ्य देखा पर्दछ । यस अवस्थाबाट तङ्ग्रिनका लागि बुर्जुवा वर्गका सेवामा लागेका केही बुद्धिजीवीहरूले आफ्ना दिमागहरूमा पूरा जोड लगाएर पुँजीवादी व्यवस्थालाई जायज ठहऱ्याउनका लागि कैयौँ पूर्वाग्रहग्रस्त सिद्धान्त रचे । उन्नाईसौँ शताब्दीको युद्धमा एक अङ्ग्रेज अर्थशास्त्री माल्थसद्वारा लेखिएको जनसङ्ख्या सिद्धान्तमा एक निबन्ध त्यस्तै एउटा पूर्वाग्रहपूर्ण सिद्धान्त थियो ।

माल्थसले एउटा दुष्टतापूर्ण तर्क प्रस्तुत गरे । उनले भने- जनसङ्ख्या ज्यामितीय श्रममा (१,२,३,४..) बढ्दछ जब कि जीवनयापनका साधन अङ्कगणितीय क्रमशः (१,२,३,४...) बढ्दछन् । उनले तर्क दिए- फाल्तु जनसङ्ख्या बेरोजगारी र जनताको गरिबीको मूलभूत कारण यही हो । यस तर्कको उद्देश्य यो सम्झाउनु थियो- बेरोजगारी र गरिबी पुँजीवादी व्यवस्थाका खराबी होइनन्, बरु प्रकृतिका नियमका परिणाम हुन् । माल्थसका अनुसार युद्ध र महामारीहरू मानव समाजका निम्ति बरदान हुन् । युद्धहरू र महामारीहरूमा ठूलो सङ्ख्यामा मानिस मर्दछन् जसबाट फाल्तु जनसङ्ख्याका नकारात्मक प्रभाव कम हुन पुग्छन् । जनसङ्ख्याको वृद्धि जीवनयापनका साधनहरूमा वृद्धि वा धेरै अनुकूल हुन पुग्छन् ।

परन्तु तथ्य तर्कहरूभन्दा धेरै बलिया हुने गर्दछन् । माल्थसको प्रतिक्रियावादी 'जनसङ्ख्याको सिद्धान्तमा एउटा निबन्ध' जसमा धेरै दम छैन । जनसङ्ख्यामा ज्यामितीय वृद्धि र जीवनयापनका साधनहरूमा अङ्कगणितीय वृद्धि देखाउने यो छद्म विज्ञान अस्तित्वमा कसरी आयो ? खासमा युद्धको कारण के थियो भने माल्थसले एउटा खास समयमा अमेरिकामा भएको वृद्धिलाई जनसङ्ख्या वृद्धिको दरको आधार बनाए । उनले एउटा खास समयमा फ्रान्समा खाद्यान्न उत्पादनमा भएको वृद्धिलाई जीवनयापनका साधनहरूमा भएको वृद्धिको दरको आधार बनाए । त्यस समय अमेरिकाको जनसङ्ख्यामा भएको तीव्र विकासका कारण जनसङ्ख्याको स्वाभाविक वृद्धि थिएन बरु ठूलो सङ्ख्यामा आप्रवासीहरू आउनेजस्ता अन्य कारण त्यसका लागि जिम्मेवार थिए । जहाँसम्म फ्रान्सको खाद्यान्नको विषय छ, यसको तुलना फ्रान्सको जनसङ्ख्यामा भएको वृद्धिबाट गरिनु पर्दछ न कि अमेरिकाको जनसङ्ख्या वृद्धिसँग तब त यो जनसङ्ख्या वृद्धिभन्दा कम छैन, बरु धेरै नै थियो । १७६० मा फ्रान्सको जनसङ्ख्या २१ लाख थियो । प्रतिव्यक्ति औसत खाद्यान्न उत्पादन ४५० लिटर थियो । असी वर्षपछि १८४० मा फ्रान्सको जनसङ्ख्या बढेर ३४ लाख हुन गयो अर्थात् यसमा ६२ प्रतिशत वृद्धि भयो भने खाद्यान्न उत्पादनमा वृद्धि त्यसभन्दा पनि तीव्र गतिमा भयो । १८४० मा प्रतिव्यक्ति औसत खाद्यान्न उत्पादन ८३२ लिटर थियो अर्थात् ८५ प्रतिशतको वृद्धि हुन गयो । कैयौँ अन्य पुँजीवादी देशहरूका आँकडाहरूबाट स्पष्ट हुन्छ, जनसङ्ख्याको वृद्धि जीवनयापनका साधनहरूको वृद्धिभन्दा धेरै थिएन । त्यसका विपरीत जीवनयापनका साधनहरूको वृद्धि जनसङ्ख्याको वृद्धिभन्दा कैयौँ धेरै थियो । फेरि पनि श्रमजीवी जनता हदै गरिब थिए र उनीहरूको अवस्था दयनीय थियो । तथाकथित निरपेक्ष अतिरिक्त जनसङ्ख्याका तर्फबाट पुँजीवादी व्यवस्थाका खराबीहरूलाई ढाक्ने माल्थसको कोसिस एउटा निष्फल प्रयास थियो ।

पुरानो चीनमा माल्थसको 'जनसङ्ख्या सिद्धान्तमाथि एक निबन्ध' को व्यापक प्रभाव थियो । साम्राज्यवादी र क्वोमिन्ताङ प्रतिक्रियावादी, चिनियाँ जनताको क्रान्तिको विरोध गर्नका लागि त्यस सिद्धान्तलाई औजारका रूपमा प्रयोग गर्दथे । उनीहरूले यसप्रकारको बकबास गर्दथे चिनियाँ जनता यसकारण गरिब छन् किनकि उनीहरूको सङ्ख्या अत्यन्त धेरै छ । उनीहरूले साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पुँजीवादका खराबीहरूको दोष प्रक्रियामाथि थोपर्ने कोसिस गर्दथे । राष्ट्रिय मुक्तिको ठीक पहिले उनीहरूले फेरि त्यस्तै बकबास सुरु गरेका थिए, चीनको जनसङ्ख्या अत्यन्त धेरै भयो । उनीहरूका अनुसार जनताको सरकारले खाद्यान्नको सङ्कट हल गर्न सक्नेछैन र केही महिनाभन्दा धेरै चल्न सक्नेछैन । माओ त्सेतुङले त्यो प्रतिक्रियावादी भ्रान्तिलाई दृढतापूर्वक खण्डन गर्नुभयो । उहाँले भन्नुभयो, 'चीनको विशाल जनसङ्ख्या एउटा राम्रो कुरा हो । हामी यसभन्दा पनि ठूलो जनसङ्ख्यालाई देखभाल गर्न सक्छौँ । यसको समाधान उत्पादन हो । क्रान्ति र उत्पादन मिलेर खाद्यान्न समस्या हटाउन सक्छौँ ।'६ स्थापनाको समयदेखि लिएर समाजवादी चीनका अनुभवहरूले माओको क्रान्तिकारी कार्यदिशाको निर्देशनमा चीनमा बेरोजगारी समाप्त गरिदिएको छ । समाजवादी अर्थव्यवस्थाले विकास गरिरहेको छ र मानिसहरूको जीवनस्तर लगातार माथि उठिरहेको छ । गरिब र पिछडिएको चीनको स्थापना अब समृद्धि र विकासतर्फ बढिरहेको एउटा समाजवादी देशले लिइसकेको छ । साम्राज्यवादीहरूद्वारा फैलाइएका भ्रान्तिहरूको टाट पल्टिसकेको छ ।

## भ्रान्तिका तीस ...

विकास भएको र साम्राज्यवादी बन्दै गरेको रुसमा अक्टोबर क्रान्ति सफल पार्नुभएको थियो । अक्टोबर क्रान्ति गर्नुभन्दा पहिला लेनिनले दर्शनमा १९०८ सेप्टेम्बरमा 'भौतिकवाद र अनुभव सिद्ध–आलोचना' लेख्नुभयो । राजनीतिक अर्थशास्त्रमा १९१६ मा एउटा पम्प्लेटका रूपमा र पछि २६ अप्रिल १९१७ मा पुस्तकका रूपमा 'साम्राज्यवाद–पुँजीवादको चरम अवस्था' र समाजवादमा अगस्त, १०१७ मा 'राज्य र क्रान्ति' लेख्नुभएको थियो । यी ३ क्षेत्रमा लेनिनले मार्क्सवादलाई नयाँ विकास गर्नुभयो र मार्क्सवाद–लेनिनवाद बन्न पुगेको थियो । यस लेखमा यी पुस्तकहरूमा भएका विषयहरूलाई व्याख्या गर्न सकिँदैन । यति भन्न सकिन्छ- लेनिनका यी ३ वटा पुस्तकहरू वर्गसङ्घर्ष र ब्लाङ्की, बाकुनिन, कार्ल काउत्स्की, ट्राट्स्की यति मात्र नभएर ४ वर्ष लगातार केही बुद्धिजीवी प्रोफेसरहरूले भौतिकवादका विरुद्ध दर्जनौँ पुस्तक लेखेपछि उनीहरूका कुतर्कका विरुद्ध वैचारिक सङ्घर्ष गर्दा जन्मिएका हुन् । 'भौतिकवाद र अनुभव सिद्ध–आलोचना' मा सुरुमा नै लेनिनले 'प्राध्यापकलाई १० प्रश्न'२ गर्नुभएको छ । पहिलो प्रश्न नै 'के प्राध्यापक साहेबले मार्क्सवादको दर्शन द्वन्द्वात्मक भौतिकका रूपमा स्वीकार गर्नुहुन्छ ?'३ छ । लेनिनले मजदुरहरूको बाहुल्य भएको, पुँजीवादी देशमा क्रान्ति सफल पारेर सर्वहारा वर्गको अधिनायकत्वसहितको समाजवाद स्थापना गर्नुभएको थियो । यति मात्र नभएर कम्युनिस्ट पार्टीको सङ्गठनसम्बन्धी सिद्धान्त पनि विकास गर्नुभएको थियो ।

अब माओको कुरा गरौँ । माओले चीनजस्तो गरिब किसानको बाहुल्य रहेको अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा दीर्घकालीन जनयुद्धको माध्यमबाट २८ वर्ष लगाएर नयाँ जनवादी क्रान्ति गर्नुभएको थियो । पुँजीवादले सामन्तवादसँग साँठगाँठ गरेपछि पुँजीपति वर्गले पुँजीवादी क्रान्ति गर्न नसक्ने भन्दै सर्वहारा वर्गले पुँजीवादी क्रान्ति गर्नुपर्ने निष्कर्ष निकाल्दै जनसेना निर्माण गरेर अघि बढ्नुभएको थियो । अहिलेको चीन माओले क्रान्ति सफल पारेर खडा गरिदिएको भन्न चिनियाँ राष्ट्रपति सी बाध्य भएका छन् ।

लेनिनले जस्तै माओले पनि मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादमा आयाम थप्नुभएको छ । विद्वान् प्रोफेसरलाई मैले सम्झाउनु पर्दैन- माओका 'अन्तर्विरोधहरूबारे, व्यवहारबारे' अगस्त १९३१ मा प्रकाशित पुस्तक दर्शनसम्बन्धमा रहेका छन् । त्यसैगरी राजनीतिक अर्थशास्त्रमा युद्धकाल फेब्रुअरी १९२७ मा लेखिएको 'हुनान किसानको आन्दोलन' र क्रान्ति सफल भएपछि साङ्घाई टेक्स्ट बुक पढ्दा हुन्छ । त्यसैगरी वैज्ञानिक समाजवादमा ३० जुन १९४९ मा 'जनताको जनवादी अधिनायकत्व' तयार पार्नुभएको थियो । त्यसको सँगै सर्वहारा सांस्कृतिक क्रान्ति, निरन्तर क्रान्ति माओको मार्क्सवादमा थप योगदानहरू हुन् । त्यसैले मार्क्सवाद–लेनिनवाद–माओवाद भएको हो । कुनै लहडमा होइन । सिद्धान्तलाई व्यवहारमा लागू गरेर हो । स्युडो मार्क्सवादी वा भँडुवा मार्क्सवादीहरूले भनेको जस्तो होइन ।

### अहिलेको पुँजीवाद

जेनरी रिफकिनले आफ्नो पुस्तक तेस्रो औद्योगिक क्रान्तिको सारांशमा लेखेका छन्, 'तेलको युगमा, विद्युत्को केन्द्रीकरण, अटोमोबाइल र उपमहानगरीय निर्माण' २० औँ शताब्दीको दोस्रो औद्योगिक क्रान्तिले अभूतपूर्व सम्पत्ति पैदा गर्न र वृद्धि गर्न योगदान गरेको थियो । तर समकालीन औद्योगिक अर्थतन्त्रले तेलको चुहावट, वातावरण परिवर्तनले गम्भीर तहका धेरै सङ्कटहरूको सामना गरिराखेको छ । सजिलै प्राप्त जीवावशेषको इन्धन जसलाई 'कार्बन युग' को अन्त्य, यसले भविष्यको समाज, राजनीति र वित्तीय क्षेत्रमा ठूलै उथलपुथल ल्याउँछ ।'४ जेनरी कुनै मार्क्सवादी होइनन् । उनको यो भनाइले पुँजीवाद कमजोर छ कि सबल बनिराखेको छ भन्ने देखाउँदैन र ? एक्काईसौँ शताब्दीको यो दोस्रो दशकको पनि अन्त्यतिर छौँ । चौथो औद्योगिक क्रान्ति भनेको 'हानिकारक प्रविधिहरू' जस्तै इन्टरनेट अफ थिङ्स, भर्चुअल रियालिटी र आर्टिफिसियल इन्टेलिजेन्सले हाम्रो जीवन, हामी र कामलाई बदलिदिएको छ ।

लेनिनले पुँजीवादलाई परजीवी पनि भन्नुभएको छ । परजीवी अर्काको शरीरमा भर पर्ने मात्र होइन, मर्दै गएर एउटा जीवकोष मात्र बाँकी रहे पनि फेरि ब्युँतिन्छ । पुनर्जीवन पाउँछ । उदाहरणका लागि टेनिया–सोलियम जसलाई नेपालीमा नाम्ले कीरा भन्दछन् सायद यसलाई शरीरबाट शल्यक्रिया गरेर वा एबिन्डाजोल ख्वाएर मार्न सकिन्छ । यो एकैचोटि मर्दैन । औषधि वा शल्यक्रियाबाट पूर्ण रूपले मरेन भने बाँकी रहेको अंशबाट फेरि बढ्दै जान्छ । केही समयपछि पूर्ण रूप लिन्छ । दोस्रो विश्वयुद्धको समाप्तिसँगै विश्वका १६ वटा राष्ट्रमा पुँजीवाद मरेको थियो तर कोषहरू बाँकी थिए ।

सबैले बुझेको कुरा के हो भने पुँजीवाद हिजोको जस्तो रूपमा छैन । अहिले पुँजीवाद दोस्रो विश्वयुद्धपछि सर्वाधिक सङ्कटमा छ । नब्बेको दशकमा पुँजीवादले उदारवादको नारा लगायो । उक्त नारा धेरै समय टिक्न सकेन । उदारवादले पुँजीवादलाई झनै सङ्कटमा पाऱ्यो । राष्ट्रिय पुँजी पूर्ण रूपले धराशयी हुन पुग्यो । नेपालमा उदारवादको प्रवेशसँगै यहाँका राष्ट्रिय उद्योगहरू सबै निजीकरण भएर र बहुराष्ट्रिय कम्पनीहरूको एकछत्र राज हुन पुगेको थियो । त्यसपछि नवउदारवादका रूपमा पुँजीवादले काँचुली फेर्न थाल्यो । त्यसले पनि पुँजीवादलाई दीर्घजीवी बनाउन सकेन । उक्त कुरालाई पुँजीवादको वकालत गर्ने एकजना लेखक नोम चोम्स्कीले १९९९ मा नवउदारवाद र विश्वव्यवस्थाका बारेमा प्रोफिट ओभर पिपल लेखेर नै नवउदारवादको विरोध गर्न पुगे । उनले नवउदारवादका नाममा विश्वपुँजीवाद निगम पुँजीको शरणमा परेको पुष्टि गरेका छन् । उनको उक्त पुस्तकको अल्टिमाइट विपन भन्ने लेखमा पुँजीवाद कसरी जीवनमरणको सङ्घर्षमा छट्पटाइरहेको छ भन्ने उल्लेख छ ।

सबैलाई थाहा भएको कुरा हो- तेस्रो सहस्राब्दीको पनि दोस्रो दशकमा पुँजीवादको असफलतालाई लिएर पुँजीवादी लेखकहरूले नै बढी खोज र अनुसन्धान गरेका छन् । थोमस पिकेटीका एक्काईसौँ शदीको पुँजी, इनइक्वालिटी, हा–जुन चाङको ट्वान्टी थ्री थिङ्स दे डोन्ट टेल यु एबाउट क्यापिटालिज्म मुख्य र चर्चित पुस्तकहरू हुन् । पुँजीवादी लेखकहरूले नै लेखेका यस्ता दर्जनौँ किताबहरू छन् । १९९२ मा समाजवादको विरोध गर्दै इतिहासको अन्त्य र अन्तिम मान्छे लेखेर पुँजीवादको प्राण भर्ने फ्रान्सिस्कस फुकुयामाले १७ अक्टोबर २०१८ मा स्टेटम्यानलाई अन्तर्वार्ता दिँदै 'यो समयमा, मार्क्सले अत्यधिक उत्पादनको सङ्कटले मजदुरमा हुने गरिबीले मागमा ठूलो सङ्कट आउँछ भन्ने गरेको भनाइप्रति विश्वास लाग्न थालेको छ' भनेका छन् । पत्रिकाले उनको त्यो अन्तर्वार्ताको शीर्षक नै 'समाजवाद आउनुपर्छ' भन्ने राखेको थियो । सायद प्राध्यापक साहेबले पढ्नुभयो होला ।

१९७८ पछि पुँजीवादले नाम्ले कीरा जसरी पुनर्जीवन पाएको कुरा सही हो । बिसौँ शताब्दीको अन्त्यसँगै पुँजीवादले उदारवाद, नवउदारवाद हुँदै नयाँ रूप लिएको छ । मूल रूपमा २००० को प्रवेशसँगै विज्ञान–प्रविधि, सूचना-प्रविधिमा भएको क्रान्ति, चौथो औद्योगिक क्रान्तिमा इन्टरनेट अफ थिङ्स, भर्चुअल रियालिटी र आर्टिफिसियल इन्टेलिजेन्सको विकास र पहुँच, यसले उत्पादनमा पारेको प्रभाव, थोमस पिकेटीले भनेजस्तै सञ्चित पुँजीको वृद्धिदर श्रमबाट हुने आम्दानी वृद्धिको दरभन्दा बढी भएको छ र वृद्धि भएको पुँजी बिल गेट्स, मार्क जुगरबर्गहरूजस्ता पछिल्लो क्रममा धनी हुन पुगेकाहरूको हातमा अत्यधिक पुँजी सञ्चित हुन पुगेको छ । रमाइलो कुरा के भने यी धनी मान्छेहरू उपभोग्य उद्योग चलाएर भन्दा पनि सूचना-प्रविधिको व्यापार गर्दछन् । यिनै धनीहरूले चलाएका विभिन्न कर्पोरेटहरूले विश्वका वैभवशाली भनिने अमेरिका, फ्रान्स, जर्मनी, बेलायत, दक्षिणएसियामा भारतका सत्ता चलाएका छन् । डोनाल्ड ट्रम्प, इमानुअल माइक्रोनले राष्ट्रपतिको चुनाव जित्नुले यही कुरालाई पुष्टि गर्दछ ।

मुख्य कुरा के हो भने मार्क्सवाद आधारभूत सिद्धान्तलाई यो नयाँ विशेषतासहितको पुँजीवादलाई ढाल्न सही प्रयोग गर्नुपर्दछ । पुँजीवादले पुनर्जन्म लियो भनेर विचार नै परित्याग गर्न जरुरी छैन, बरु थप विकास गर्नु पर्दछ । कुरा यति मात्र हो, लेनिन र माओले जसरी दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवादमा विकास गरेर क्रान्ति सफल पार्नुभयो, ठीक त्यसैगरी मेहनत गरेर विकास गर्नु पर्दछ । अहिलेको विश्वका नयाँ विशेषताहरू तथ्यपरक खोज गर्नुपर्दछ । जस्तो कि शिक्षाको पहुँच, यातायात, सूचना-प्रविधि र विज्ञान-प्रविधिले गर्दा नयाँ खालका श्रमजीवीहरू जन्मिएका छन् । शोषण छ तर यसको स्वरूप फरक छ । निगम पुँजीले राज्यहरूलाई नियन्त्रणमा राखेको छ । राज्यभन्दा पनि निगमबाट चुहिने पुँजी चाट्नमा राज्य सञ्चालकहरू लागिपरेका छन् । यी तथ्यहरूको खोज गरेर तदनुरूप दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादमा विकास गर्न जरुरी छ । क्रान्ति निकट छ । साम्राज्यवाद सदाका लागि ढल्छ ।

### सन्दर्भ सामग्रीहरू

१– Lenin's Selected Works, Progress Publishers, 1963, Moscow, Volume 1, pp. 667–766.

२–Lenin Materialism an Empirio-Criticism, पेज ११

३–ऐ ऐ

४–Jeremy Rifkin:The third Industrial Revolution

# उनीहरूले जलाएर फालेका र मैले धोएर राखेका सपनाहरू



अम्बिका चन्द ओली

मलाई नै हेरीहेरी उदाउने यी दिन र अस्ताउने रातहरू आजभोलि कसरी आउँछन् र कसरी जान्छन्, म पत्तोसम्म पाउँदिनँ । बितेका दिनमा उनीसगँका ती प्रेमिल पलहरू मेरै लागि हुन् भनेर आँगनवरिपरि खुसीको बहाना गरेर अगाडि नाच्न खोज्छन् । अहँ मनले ती दिनले ल्याएका खुसी मेरा लागि थिए भनेर म अहिले पत्याउन सक्ने अवस्थामा छैन । कारण मेरो उनी मसँग छैनन् । मेरो जीवनका लागि भनेर नै आएको खुसी भए पनि म आजभोलि ती खुसीका धर्साहरू अरूहरूका हुन्जस्तो मानिरहेकी छु किनकि ती खुसी मेरा हुँदा हुन् त आज फेरि ती खुसीहरू म एक्लिएको मौका छोपी बहार बनेर किन आउँदा हुन् ! खुसीले पनि आजभोलि म एक्लिएको मौका छोपी मलाई नै खुसी बनाउने निहुँमा एकहोरो गिज्याइरहेको अनुभूति हुन्छ ।

मैले पनि देख्ने अनगिन्ती सपनाहरू छन् । अरूहरूका जस्ता ठूला मेरा सपना केही छैनन् । श्रीसम्पत्ति जोड्ने, आलिसान बङ्गला बनाउने, शक्ति र सत्ताको मह हात थापेर चाट्ने, उनलाई सत्ताको कुर्सीमा बसाउने र आफू रबाफ देखाउने यस्ता कुनै सपना छैनन् । धनदौलतले दराज भर्ने, विदेशी कम्पनीमा सेयर हाल्ने, कमिसनबाट राज्यको सम्पत्ति दोहन गर्न लाभको पदमा पुग्ने, आफन्तजनहरूलाई अवसरहरू प्रदान गर्ने, शक्ति र सत्ताको आडमा देशको सम्पत्ति अपचलन गर्ने यस्ता कुनै सपना मसँग छैनन् । रात निदाउँदा पनि आँखा खोलेर देख्ने मेरा सपना त पाषाण युगको अवशेष यो खुनी राजको अन्त्य गरी सर्वहाराको संसार बसाउने र बसाएको हेर्ने सपना हुन् । मलाई सपना देख्न वर्गीय मुक्तिको सपना देख्दादेख्दै जीवन अर्पण गर्नेहरूले प्रेरित गरेका सपना हुन् । यस्तै निजी सपना झोपामा राखेर सामूहिक सपना देख्ने जिउँदा सहिद मेरो उनीले देख्ने गरेका सपना हुन् । त्यसैले सपना मैले देखे पनि मेरा सपना निजी होइनन्, सामूहिक जीवनका सपना हुन् । हामीले उहिले पनि आफू अनिँदो बसेर वर्गमुक्तिको सपना देखेका थियौँ । आज पनि तिनै सपनाहरू फेरि दुई ओछ्यान बनेर न उता निदाउन दिन्छन्, न यता निदाउन दिन्छन् ।

हामीलाई अर्थात् हामीजस्ताहरूका लागि यो समयमा अपुग केही थिएन । चाहेको भए असम्भव धेरै कुरा थिएन । तर अपुग थियो त केवल उहिलेदेखि आफूले सपना बनाएर बोकेको वर्गमुक्तिको सपना जसले अहिलेसम्म हामीलाई छोड्न मानिरहेको छैन । अरू केही छैन यो रित्तो जीवनमा, बस् तिनै सपनाहरूलाई यो रित्तो जीवनमा काखी च्यापेर चिनेको तर नचिनेजस्तै भएको सहरको वरिपरि म आफूलाई आजभोलि फेरि आउने सपनाहरूको रक्षा गर्ने सामर्थ्य सञ्चय गरिरहेकी छु । आजभोलि म एक्लो हुनु वा उनी एक्लो हुनुका कारण धेरै छैनन् । देख्नेहरू मान्दा हुन् आस्था र विचारको खेतीले हाम्रो निजी जीवनलाई सबै पुगिजाँदो हो । आस्था र विचारको खेती गर्नेहरूको त बाटो फरक भएको छ । हामी उनीहरूको जस्तै खेतीमा लागेका छैनौँ, बरु हामी हाम्रो आस्थालाई बचाउनका लागि अनेक पीडा र कठिनाइहरूसित लडिरहेका छौँ । त्यही पीडा सहन नसकेर कैयौँले आफ्नो औकात देखाइसकेका छन् जुन कुरा दुनियाँको अगाडि छर्लङ्ग छ दिनको घामजस्तै । आस्थालाई बचाउन लाग्नेहरू आज कृष्ण सेनको सपना जलेको आँगनमा पूरा गर्ने प्रतिबद्धता गरिरहेका छन् । त्यस्तै लस्करहरूको यात्रीमध्येका मेरा उनी पनि एक यात्री भएर लागिरहेका छन् । म त केवल यी सबै कुराहरूको साक्षीका रूपमा उभिएकी छु ।

तिमीले हिँड्न सिकाएको यो राजमार्गमा मैले धेरैलाई भेटाउनु छैन । बस् तिमीले आफ्नो मानेका र मैले ठानेकाहरूलाई हामीले यो यात्रामा भेटाउनु छ । केही नाफाघाटाको जीवनको समीक्षा पनि मैले गर्नु छैन । म सधैँ यही विश्वास दिलाउँछु । तिमी यो यात्राको यात्री बन, म साक्षी बनिदिउँला । तिमीले हिँड्ने बाटोमा आउने हजार बाधाहरू पन्छाउँला र यो यात्रामा तिमीसँगै यात्राको भागीदार बनूँला । अरू त यो अनिश्चित जीवनको कठिन यात्रामा योभन्दा ठूलो के आँट गरूँ । यस्तैयस्तै धेरै सपनाहरूलाई एकोहोरो रूपमा यिनै सपनाहरू कुल्चिने यो निर्दयी सहरको एक किनारमा मनले नमान्दानमान्दै पनि फेरि एकपटक परिस्थितिसँग सङ्घर्ष गर्ने कसम गरेकी छु । लाग्थ्यो, यो समय पनि मेरा लागि हुँदो हो त म आफू आज यो घमण्डी सहरसँग अरूहरूको तुलना गरेर आफूलाई पनि बाँच्नका लागि र हाम्रा सपना पूरा गर्नका लागि यही कठीन राजमार्गको पदयात्रामा सामेल हुन बाध्य हुने थिइनँ । उनीहरूले जलाएर फालेका, हामीले धोएर राखेका ती दिनका ती सपनाहरू म यो सहरको एक किनारमा भए पनि प्रिय सपनाहरूको रक्षा गर्ने प्रतिबद्धता पूरा गर्न लागिपरेकी छु । आफ्नो सपनाप्रतिको लक्ष्यबाट विचलित नहुन र आफ्नो वर्गको विश्वासको इमानदार पात्र बन्नका लागि त्यो परीक्षा दिन सफल हुनेछौ भन्ने तिमीप्रति पनि विश्वस्त बनेकी छु । भौतिक रूपमा तिमीबाट केही दूरीमा रहेकी भए पनि अनिश्चितकालीन समयका लागि नितान्त निजी चाहनाहरूलाई तिलाञ्जली दिनु परे पनि आखिरी पूरा गर्नुपर्ने प्रतिबद्धता र जगाउनुपर्ने आशाहरू त हाम्रा समान छन् । तिनै प्रतिबद्धता पूरा गर्ने कोसिस गर्दा त्यही परिस्थितिको एक भाग हाम्रो भागमा परेको हो । तर कुनै दिन कसो नजितिएला । रात अस्ताउँछ, दिन उदाउँछ । यही आशा र विश्वासको लयमा आजभोलिको दैनिकी बिताइरहेकी छु । तिमी कहिल्यै पनि चिन्तित नबनू । आस्थाको पथबाट विचलित नुहुनू, बरु जीवन ढलोस्, शरीर सहिदहरूसँगै सुतोस् तर आस्था कहिल्यै नढलोस् ।

ती दिनहरू यस्ता थिएनन् तर आजभोलिका दिन यस्ता छन् । रात निदाउँदा पनि जागा बस्ने यी आँखाका परेलीहरू बलपूर्वक बन्द गरेर निदाएको बहाना गर्दा पनि मेरो यो क्यानभासमा तिम्रो बिम्ब बन्छ । दुस्मनको कालकोठरीभित्र तिमीलाई भेट्न जाँदा तिमीले गरेका राजनीतिक प्रतिबद्धता, कैयौँ भावनाका कुराहरू, तिमीलाई हुने कैयौँ असैह्य पीडाहरू अनि तिमीले इसारामा गरेका प्रेमस्पर्शहरू घरको खाली भित्तामा टाँसिएका ती तिम्रा केही थान तस्बिरहरू जति बेला पनि मेरो मानसपटलमा नाचिरहन्छ । अझ यसो भनौँ म भावनामा त कैयौँपटक आफैँ बगेर डुब्ने अवस्थामा पुगेकी छु अनि सोच्न थाल्छु जति बेला म तिमीबाट छुट्टिएर आएकी हुन्छु । तिमी हिँडिरहेको, बोलिरहेको, बसिरहेको, हाँसिरहेको आकृति मेरो स्मृतिपटलमा एकोहोरो रूपमा नाचिरहेको हुन्छ । बेसौममा झर्ने असिनाजस्तो विगतको स्मृति पल यसरी बर्सिन्छ र मलाई सताउँछ, पोल्छ अनि तड्पाउँछ । यस्तो लाग्छ सगरमाथाको चुचुरोमै पुगेर दुनियाँले सुन्ने गरी तिम्रो नाम लिएर चिच्याऊँ र तिमीसँगै त्यतै कतै हराऊँ तर तिम्रा सहयोद्धाहरूले धर्तीमा पोखेको आलो रगत अनि तिम्रो माया, प्रेरणा र प्रतिबद्धताले कहिल्यै त्यस्तो सोच्न अनुमति दिँदैन अनि आफूलाई आफैँ समालेर परिचितजस्तै लाग्ने अपरिचित सहरमा मुस्कुराउँछु । साँच्चै मजाले मुस्कुराउँछु । म जता जान्छु त्यतैतिर दृष्टि बनाएर हेर्ने भित्तामा तिमीसितका अनेकौँ यात्राका ती स्मरणहरू यात्राको बिम्ब बनेर घुमिरहेका हुन्छन् । बाहिर कोलाहलमा एक्लिएपछि जब थकित आधा शरीर लिएर एक बन्द कोठामा पस्छु अनि ती बन्द कोठाका भित्ताहरूमा मुस्कुराएको तिम्रो एक थान तस्बिरले काउकुती लगाउँछ । मलाई हेरेर तिमीलाई पर्खिरहेको टेबुल र कुर्सी अनि दराजमा सजाइएका मार्क्सदेखि माओसम्मका राजनीतिक, सैद्धान्तिक, दार्शनिक पुस्तकहरूले तिम्रो उपस्थिति खोजिरहेका हुन्छन् । अनि त मेरो अगाडि केही अपुगजस्तै मानिन्छ । अनि तिमीले त्यस्तै एक दशकपहिले भनेको कुरा सम्झन्छु, 'तिम्रो अपूर्णता प्लस मेरो अपूर्णताबरावर सम्पूर्णता हुनेछ ।' यस्तै ओछ्यानको खाली भाग, अर्को छेउमा पर्खिरहेका तिम्रा कपडा । मलाई हरेक साँझ-बिहान स्मृतिहरूको वर्षा गराइरहन्छन् । सायद तिम्रै अभाव महसुस गरेर नै होला हरेक रात तिम्रो सिरानी पनि मजस्तै जागा बसेको हुन्छ । कोल्टो फर्किन्छु, निश्चिन्त र विन्दास पारामा खाटको साम्राज्य ढाकेर सुतिरहेकी छोरीको अनुहार पढ्छु । उसको उनुहारमा परेका रेखाहरूमा तिमी र मेरो जीवनका साझा सपना र तिनै सपनाका प्रतिबिम्ब देख्छु । अनि पटकपटक उसको बालमस्तिष्कको रटान सम्झन्छु, मेरो एउटा ओठ मामुजस्तो, अर्को बाबाजस्तो । मेरो निधार बाबाजस्तो, आँखा मामुजस्तो । कान र चिउँडो बाबाजस्तो, कपाल मामुजस्तो... ।

आखिर जीवन एउटा कठिनाइहरूको, सपनाहरूको, भोगाइहरूको योग न हो । हामी बाँचिरहेको जीवन जस्तो कष्टकर भए पनि हाम्रा सपनाहरू त निकै सुन्दर, सुभाषी र मगमगाउँदा छन् । हामी मरे पनि सपनाहरू मर्दैनन् भने त्यही त सार्थक जीवन हो । आफैँले जीवनको परिभाषा गर्छु । यो जीवनमा आइपर्ने अनेकौँ कठिनाइहरूको सामना गरेर सपनाहरूको रक्षा गर्ने प्रतिबद्धता गर्छु ।

मेरा बाबा भन्ने गर्नुहुन्थ्यो- हेर छोरी, मान्छेले जीवन भाँडा माझ्नेको पनि पढ्नुपर्दछ । भाँडा माझ्न लगाउनेको पनि हेर्नुपर्दछ । जीवन दुःखीहरूको पनि हेर्नुपर्दछ, सुखीहरूको हेर्नुपर्दछ । जीवन हुनेखानेको पनि हेर्नुपर्दछ र हुँदा खानेको पनि हेर्नुपर्दछ । शिक्षा सबैबाट लिनुपर्दछ । निर्णय आफैँले गर्नुपर्दछ । जीवन आफ्नै तरिकाले जिउनुपर्दछ । त्यो समयमा बाबाको कुरा मैले जसरी बुझ्नु थियो, त्यसरी नै बुझेँ तर मेरा बाबाले जीवनमा अनेकौँ कालखण्डहरू बेहोरेर सँगालेको अनुभव मलाई पढाउँदै हुनुहुन्छ भन्ने महसुस मैले कहिल्यै गरिनँ । उहाँले नै मार्गनिर्देशन गरेजस्तै गरी यो अन्धकार रातभित्र जूनकीरीको उज्यालो खोज्ने प्रयत्न गरिरहन्छु । अनि त मुक्तिको सपना बोकेर जीवनको बाजी लगाउने महान् मान्छेहरूलाई सम्झन्छु । अनि बेपत्ता योद्धाहरूका आफन्तहरूलाई सम्झन्छु । सिउँदो पुछिएका, सुहाग लुटिएका, टुहुरा बनेका, विधुर बनेका, काख रित्तिएकाहरूलाई सम्झन्छु । अनि मेरो मनले आफैँलाई प्रश्न सोध्छ- आज हजारौँ मान्छेहरू कठिन जीवन बाँचिरहेका छन् तर उनीहरूले सपना मारिरहेका छैनन् र त आज कोही उनीहरूका सपनाको रक्षा गर्नका लागि अग्रसर बनिरहेको छ । त्यसैले म एउटा कसैकी श्रीमती, छोरी, बुहारी र आमा मात्र होइन, म त यस्तै जीवनहरूको एउटा सारथी पनि हुँ ।

मलाई यी सबैसबै थाहा हुँदाहुँदै पनि कहिलेकहीँ केही कुराले मन बहकिने गर्दछ । तिम्रो अभाव महसुस हुन्छ । तिमी कहिलेकही भन्ने गर्थ्यौ- तिमीलाई हेर्दाहेर्दै यी जोडी आँखा बिसाउन पाऊँ । मेरो ढुकढुकी अन्तिमपटक तिम्रै काखमा धड्किदै बन्द होस्, बरु गुलाबको हाँगा पहिले सुकोस् तर फूल पहिले नझरोस् । मलाई जे भए पनि होस् तर तिमीलाई केही नहोस् किनकि मेरो जीवनमा सबैभन्दा प्रिय लाग्ने छोरीको भविष्यको उज्यालो बाटोमा बादल नलागोस् । छोरीसहित हाम्रो परिवार अनि मेरो सम्पूर्ण अभिभारा पूरा गर्ने जिम्मा तिम्रो काँधमा आउनेछ । प्रिय मुटु तर मलाई थाहा छैन तिमीले आँखा बिसाउँदा म देख्न पाउँछु कि पाउँदिनँ । तिम्रो धड्कन रोकिँदा म महसुस गर्न पाउँछु कि पाउँदिन । कुमार पौडेल, तीर्थ घिमिरे, निरकुमार राई, महान् र प्रज्वल शाहीहरूका जीवनसँगिनीहरूले जस्तै तिमीले अन्तिम सास फेर्दा तिम्रो छातीमा हात राख्न पाउँदिनँ कि ? सपना देख्दै जीवन त्यागेकाहरूका परिवारको जस्तै तिम्रो धड्कन रोकिने बेला कतै म पानी पनि दिन पाउँदिन कि ?यो अनिश्चयको जीवनयात्रामा...।

भनिन्छ, न्याय मर्न सक्छ तर सत्य कहिल्यै पनि मर्दैन । तिमी हिँडेको बाटो लाखौँ जीवनहरूका करोडौँ सपनाहरूको बाटो हो । हजारौँ सहिदहरूको बलिदानले सिँचित र रक्तरञ्जित बाटो हो । तिमीले बोकेको झोला, किताब र झन्डामा पनि तिनै सहिदहरूका रगतका टाटाहरू छन् । तिम्रो प्रतीक्षा गरीगरी तिमी आउने दोबाटो कुरेर तिम्रै सम्झनामा हराउने मेरा यी आँखाहरूबाट जसरी कहिल्यै पनि तिम्रो स्मृति तस्बिर हट्दैन, त्यसरी नै तिम्रो आस्था, विचार र सपना पनि कहिल्यै मर्दैन । तिमीले पाउ राखेको माटो त मेरा लागि प्रिय लाग्छ । तिम्रा सपनाहरू त मेरा लागि निकै प्रिय छन् । फूलमा पात उनिएजस्तै सँगै उनिएका हाम्रा चाहना र सपनाहरू र कालो रातको चिहानमा बिहान फुलाउने तिम्रो उद्देश्य मलाई सबैभन्दा महान् लाग्छ । अन्त्यमा मलाई तिम्रै शब्दमा भन्न मन लाग्यो ....

धर्तीमा पसिना नबगाईकन  
न आकाशमा चिलगाडी उड्छ  
न धर्तीमा रेलगाडी गुड्छ  
मेरो साम्यवादप्रति यस्तै आस्था बनेको छ  
मेरो मार्क्सवादप्रति यस्तै विश्वास बनेको छ ।  
मेरो उद्देश्य परिवार र यो समाजलाई  
भोकबाट मुक्ति दिनु हो  
अभावको जीवनबाट पुरोपुग्दो बनाउनु हो  
अन्यायका साङ्लाहरूलाई चुँडाल्दै  
न्यायको स्थापना गर्नु हो ।  
यस्तै  
म थुनिएको सहरमा  
तिमी ठूलो पर्खालभित्र छौ  
म सानो पर्खालभित्र छु ।  
हामी एक दिन अवश्य भेट हुनेछौँ  
हाम्रो अभीष्ट र मिलनलाई  
धनान्दका पर्खालहरूले  
कहिल्यै छेक्न सक्ने छैनन् ।  
हाम्रो आस्थाको साम्यवाद जरुर उदाउनेछ ।

# ताम्सालिङ ब्युरोद्वारा जमिन र प्रयासलाई पार्टीबाट निष्कासन

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी ताम्सालिङ ब्युरोले पार्टीको नीतिविपरीत गतिविधि गरेकाले रामेछाप जिल्लाका तत्कालीन इन्चार्ज जमिन र ताम्सालिङ ब्युरो सदस्य प्रयासलाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको छ । ताम्सालिङ ब्युरो इन्चार्ज आधारले भदौ २३ गते प्रेसविज्ञप्ति निकाली पार्टीका नाममा व्यक्तिगत फाइदा लिन खोज्ने, सङ्गठन र पार्टीको नीतिविपरीत गतिविधिमा संलग्न हुने, साङ्गठनिक अराजकता मच्चाउने जोकोहीलाई पनि पार्टीले कारबाही र शुद्धीकरण गर्ने सिलसिलामा माकेका केही अमूक नेताहरूको प्रलोभन र दबाबमा परी वैचारिक धैर्य प्रदर्शन गर्नुको सट्टा जमिन र प्रयासले आत्मसमर्पण गरेका कारण पार्टीबाट निष्कासन गरेका हुन् । पार्टीपङ्क्ति, जनसमुदाय, उद्योगी, व्यापारीहरूबाट पार्टीको नामबाट उनीहरुले आर्थिक लाभ लिनसक्ने भन्दै सजग रहन इन्चार्ज आधारले आग्रहसमेत गरेका छन् ।

ब्युरो इन्चार्ज आधारले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि सामाजिक दलाल पुँजीवादी केपी सरकारले २०७५ फागुन २८ गते बलात् प्रतिबन्ध लगाई गिरफ्तारी, हत्या, दमनको सामाजिक फासिवादी शृ ला निर्लज्ज रूपमा बढाइरहेको छ । यसै क्रममा ताम्सालिङ ब्युरो सदस्य तथा तत्कालीन रामेछाप जिल्ला इन्चार्ज जमिन जिल्ला सेक्रेटरीसँगको सम्पर्कबिना भक्तपुरबाट गिरफ्तार परी रामेछाप हिरासतमा रहँदा प्रमुख जिल्ला अधिकारीले पत्रकारमार्फत जमिन आत्मसमर्पण गर्ने भएकाले कार्यक्रमको आयोजना गर्ने भनी हल्ला फिँजाएको तर धरानबाट मुक्त भएपछि पुनः गिरफ्तार भई काभ्रे हिरासतमा पूर्वमाकेका केही अमूक नेताहरूको प्रलोभन र दबाबमा परी वैचारिक धैर्य प्रदर्शन गर्नुको सट्टा आत्मसमर्पण गरेको सूचनाअनुसार उहाँलाई निलम्बन गरी थप अध्ययनका क्रममा यही मिति २०७६ भदौ २३ गते नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेकाले पार्टी सदस्यसमेत नरहने गरी निष्कासन गरिएको छ ।'

इन्चार्ज आधारले विज्ञप्तिमा भनेका छन्, 'यसैगरी ताम्सालिङ ब्युरो सदस्य प्रयास आमाको उपचारका क्रममा भक्तपुरमा रहेको समयमा गिरफ्तार परी वैचारिक धैर्य प्रदर्शन गर्नुको सट्टा आत्मसमर्पण गरेको सूचना प्राप्त भएअनुसार निलम्बन गरी थप अध्ययन गर्ने क्रममा यही मिति २०७६ भदौ २३ गते नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेकाले उहाँलाई पार्टी सदस्यसमेत नरहने गरी निष्कासन गरिएको छ । विगतमा क. जमिन जग्गा दलालहरूसँग रकम असुलीमा तल्लीन रहेकाले पार्टीको निगरानीमा परिरहेको र क. प्रयास प्रतिबन्ध घोषणालगत्तै उपचारका क्रममा राजनीतिक, साङ्गठानिक कामकाजमा अघि बढ्न असमर्थ छु भनी फेसबुकमा पोस्ट गरी भ्रम सिर्जना गरेकाले अनुशासनको कारबाहीमा परी सिन्धुपाल्चोकको इन्चार्जबाट झिकिएको र आर्थिक अपचलनको अनुसन्धानमा परेको अवस्थालाई मध्यनजर गरी पार्टीपङ्क्ति, जनसमुदाय, उद्योगी, व्यापारीहरूमा पार्टी नामबाट आर्थिक लाभ लिनसक्ने खतराप्रति सतर्क रहन र विगतमा केही भए पार्टीमा तथ्यसमेत पेस गरी मद्दत गरिदिनुहुन यसै प्रेसविज्ञप्तिमार्फत जानकारी गराइन्छ ।'

कविता

## टुक्रिएको मुटु

**दीपा**

सुन्दर सपनाका लक्ष्यहरू  
यथार्थमा चिनारी दिन  
अदम्य साहसका साथ  
दृढसङ्कल्प गरेका मनहरू  
अचानक तिखा वाणरूपी शब्दहरूले  
हृदयको क्यानभासमा चोट पुऱ्याउँछ  
एक्कासि वियोगका वचनहरू  
सुनिरहन बाध्य भएँ  
वास्तविकता हो वा असत्य  
यथार्थको धरातलमा सत्य खोज्न  
लोचनको दीप निभाएर  
निद्राबाट ब्युँझिएर  
तरङ्गित नसानसामा  
स्थिरता ल्याउन  
असाधारण क्षणलाई संयमतामा  
बदल्ने आँट गरेँ  
मुटु दुख्ने कल्पनालाई  
अन्तरहृदयबाट टाढा फ्याँक्न खोजेँ  
सुन्दर र प्रज्वलित संसारमा पुग्नु छ भने  
वास्तविकता मेरै पक्षमा हुन्छ भन्दै  
यथार्थलाई पक्रन खोजेँ  
यथार्थ यथार्थ नै हुँदोरहेछ  
किन त्यो असत्य हुन्थ्यो र ?  
जीवन लुछिएको कुरा  
सत्य सत्य नै रहेछ  
ढाँटेर के ढाँटिन्थ्यो र  
केवल  
अब मसँग पीडाले दनदनी बलेको छाती मात्र बाँकी छ  
धैर्यको बाँध फुट्न लागेको आक्रोशित मुटु छ ।  
लोचनको सगर उर्लिएर बेगवान् बनेको नदी छ  
ज्वालामुखी विस्फोटन हुन लागेको भयङ्कर पहाड छ  
त्यसैले  
गहिरिएर मनलाई समाल्दैछु  
वर्गवैरीहरूका विरुद्ध  
पापी-राक्षसहरूका विरुद्ध  
असल विचारलाई अँगाल्दैछु  
तन दुरुस्त बनाउँदैछु  
शोक र आक्रोशलाई शक्तिमा बदल्दै  
कसिला मुठीहरू उठाउँदै  
भावनालाई पत्थर बनाएर  
राइफल बोकी एसल्टमा जाँदैछु  
मृत्युको पर्वाह छैन मलाई  
मात्र बदलाको भाव उर्लिरहेछ  
त्यसैले  
अब मलाई समाल्न लालचका शब्द नबोल  
मलाई सुन्दरताका बिल्ला भिराउने कुचेष्टा नगर  
भूतकालमा नै मृत्यु भइसकेका छन् ।  
सङ्गीनले रोपेका छातीहरूमा  
ब्यान्डेजले बाँधेर घाउ छोप्ने चेष्टा नगर  
खबरदार ! तिम्रा अपराधका आडम्बर किन ?  
तिमीले तिम्रो जीवन खन्यौ र  
आफैँ खाल्डोभित्र पऱ्यौ ।  
अब तिम्रो अन्त्यपछि नयाँ बिहान उदाउनेछ ।  
टुक्रिएका मुटुहरू एकजुट गर्दै  
अधुरा सपनाहरू पूरा हुनेछन् ।

*(दोरम्बा हत्याकाण्डमा बलिदान गर्ने सहिद कमरेड रक्तिमकी जीवनसँगिनी कवि दीपाले हत्याकाण्डलगत्तै यो कविता लेखेकी हुन् ।)*

# युवा सङ्गठनद्वारा सहिदहरूको सम्झनामा वृक्षरोपण

**बाँके** : नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल बाँके जिल्ला समितिले एकीकृत जनक्रान्तिका महान् सहिदहरूको सम्झनामा आइतबार वृक्षरोपण गरेको छ ।

बाँके जिल्ला अध्यक्ष दीपकको नेतृत्वमा वडा नं. ८ मा आयोजित वृक्षरोपण कार्यक्रममा स्थानीय जनताको व्यापक सहभागिता रहेको थियो ।

## बिचौलियाको ...

अवधिमा पनि काम सकिएन । त्यसपछि भ्रष्ट ठेकेदार अधिकारीको निर्माण कम्पनीलाई कालोसूचीमा राख्नुपर्ने आवाज राखिरहेको बेला राजनीतिक प्रभाव प्रयोग गरेर अधिकारीले असार १ गते अन्तिमपटक भन्दै फेरि पनि म्याद थप गराएका छन् । उक्त कम्पनीले ठेक्का लिएका बालाजु-रानीपौवा सडक स्तरोन्नति २० कि.मि., ललितपुरको ढोलाहिटी-सरस्वतीकुण्ड ३.२ कि.मि., कपनको आकासेधारा-राममन्दिर सडक स्तरोन्नति १.२ कि.मि, कपनकै आकासेधारा-बालुवाखानी ३.८ कि.मि. सडक स्तरोन्नति सबै योजना कुनै पनि सफल र समयमा सम्पन्न भएका छैनन् । स्मरणीय छ, २०५५/५६ सालसम्म भोटाहिटीस्थित साझा भवनमा कम्प्युटर तालिम तथा मर्मत पसल गर्दै आएका शारदा अधिकारी प्रचण्डको निकट पुग्नासाथ १ दशकमै अर्बपति भएका छन् । गृहमन्त्री रामबहादुर थापाका साइँला भाइ नरेशकुमार थापा फिरौती माग्ने धन्दामा संलग्न भएको आरोपमा पक्राउ परेका छन् । यसअघि पनि उनी पक्राउ परेका हुन् र राजनीतिक प्रभावको दुरूपयोग गरेर गुपचुप छोडिएको थियो । उनी लामो समयदेखि चितवन आसपासमा जग्गा दलाली गर्दै आएका थिए । गृहमन्त्री थापालाई सहोदर भाइ नरेशको हर्कत जानकारीमा नहुने कुरै भएन । त्यसैगरी खानेपानी मन्त्री तथा प्रचण्डकी बुहारी बिना मगरको भ्रष्टाचारका कारण मेलम्ची आयोजना अलपत्र भएको जगजाहेर छ । ललिता निवास भनेर चिनिने बालुवाटार प्रम निवासको जग्गा प्रकरणमा सत्तारूढ दलका नेता विष्णु पौडेलको नाभी जोडिएको देखिन्छ । २००७ सालपछि सुवर्णशमशेर राणाको स्वामित्वमा रहेको उक्त जग्गा मन्त्री निवासका लागि ल्याइएको थियो । पञ्चायतीकालमा आस्थाका आधारमा सर्वस्वहरण गरिएका राजनीतिकर्मीको जमिन र सम्पत्ति फिर्ता गर्ने नीतिगत निर्णय २०४७ सालमा भएको र त्यसका लागि गृह मन्त्रालयको सिफारिस हुनुपर्ने निर्णय भएको थियो । त्यही सन्दर्भमा २०४७ जेठ १४, असार ८ र भदौ ३ गते मन्त्रिपरिषद्ले नीतिगत निर्णय लिएको थियो । त्यसै नजिरसमेतका आधारमा २०६७ वैशाख १ मा त्यसै प्रकृतिको अर्को निर्णय मन्त्रिपरिषद्ले गऱ्यो । तर त्यसको त्रुटिपूर्ण प्रयोग गर्दै मालपोत कार्यालय डिल्लीबजारका कर्मचारीसमेतको मिलोमतोमा ललिता निवास जग्गा हडप्ने दुष्प्रयास बिचौलियाहरूले गरे । नेता विष्णु पौडेलको आशीर्वाद प्राप्त भएपछि बिचौलियाहरू प्रम निवास नै कब्जा गर्न तम्सिएएका हुन् । एनसेलले सबै ठूला दलका नेता मात्र होइन, सर्वोच्च अदालतसमेत खरिद गरेको छ। 'वाइडबडी' प्रकरण अलपत्र छ । बूढीगण्डकी भ्रष्टाचारकाण्डको छानबिनसम्म सुरु भएको छैन ।

नेपाल सरकारले एनसेल कम्पनीसँग ६२ अर्ब, विभिन्न ठूला कम्पनीसँग ९६ अर्ब, अजय सुमार्गीसँग ४ अर्ब ३१ करोड र दूरसञ्चार प्राधिकरणलाई सुमार्गीले लाभांश र नवीकरण दस्तुरसहित ९० करोड राजस्व उठाउन सकेको छैन। यो राजस्व सङ्कलन गर्दा १ खर्ब ६३ अर्बभन्दा बढी रकम राजस्वमा जम्मा हुन्छ । यी शक्तिशाली र ठूलाठालुसँग कर उठाउने हो भने मूल्य अभिवृद्धि कर (भ्याट) र स्थायी लेखा नम्बर (प्यान) का नाममा साना व्यवसायी र निम्न वर्गका नागरिकको घाँटी थिच्नुपर्ने थिएन । तर बालुवाटार र सिंहदरबारसहित राज्यप्रणाली नै बिचौलियाको नियन्त्रणमा गएकाले सरकार निरीह भएको छ ।

## मध्यरातमा ...

कन्स्ट्रक्सनका तीनवटा जेसीबीमा अज्ञात समूहले आगो लगाइदिएको समाचारमा उल्लेख छ। जीसीले सञ्चारमाध्यमलाई दिएको जानकारीअनुसार बेनी तथा जिल्लाका विभिन्न योजनाहरूमा काम गर्ने गरी तयारी अवस्थामा राखिएका डोजरमा गए राति आगो लगाइएको हो । उनले निष्पक्ष छानबिनको मागसमेत गरेका छन् । आगलागीबाट तीनवटै जेसीबी जलेर नष्ट भएका छन् ।

पटकपटक अपरिचित शक्तिले धम्की दिने गरेको भए पनि आगलागी कसले गरेको हो भन्ने खुल्न सकेको छैन । जिल्ला प्रहरी कार्यालय म्याग्दीले आगजनी गर्नेको खोजी भइरहेको जनाएको छ।

## वडा कार्यालय ...

गाउँपालिका वडा कार्यालयको वडा अध्यक्षको कार्यकक्षमा पेट्रोल प्रहार गरी आगजनीसँगै बम विस्फोटन गरिएको समाचार प्राप्त भएको छ।

२५ गते करिब १ बजेतिर ठूलो स्वरमा विस्फोटको आवाज आउँदा पनि गाउँवासीले कुनै वास्ता नगरेको र राती नै झ्यालबाट वडा अध्यक्ष मानसिंह पुनमगरको कार्यकक्षमा पेट्रोल छर्केर आगजनी गरिएको समाचार प्राप्त भएको छ । तर कार्यालय सहयोगीले बिहान कार्यालय खोल्ने बेला मात्रै थाहा पाएका थिए । आगजनीबाट दुईवटा सोफासेट, प्लास्टिक कुर्सी र कार्पेटहरू जलेर नष्ट भएको वडा कार्यालयले जनाएको छ। इलाका प्रहरी कार्यालय सुलीचौरबाट २५ गते दिउँसो करिब ४ बजेतिर मात्रै घटनास्थल पुगेको र अनुसन्धानकार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रमुख प्रहरी नायबनिरीक्षक चित्रबहादुर गुरुङले बताए ।

## पाँचथर सेक्रेटरी...

क्रान्तिकारीहरूको हत्या गराउने, गिरफ्तारी गराउने षड्यन्त्रको नेतृत्व गर्न पुग्छन् । यो हिजो जनयुद्धमा पनि थियो । आज पनि यो प्रवृत्ति मौलाइरहेको छ । यसले क्रान्तिको दायरालाई घटाउने होइन, थप फराकिलो बनाएर लैजाने छ ।'

विज्ञप्तिमा भनिएको छ, 'एकीकृत जनक्रान्तिको प्रक्रिया विशिष्ट गतिमा बढिरहेको सन्दर्भ छ र सत्ता सङ्कटको समाधान हामीले दिएको वैज्ञानिक समाजवादी सत्तामार्फत मात्र सम्भव छ भन्ने कुरा स्पष्ट छ। यस्तो परिवेशमा दलाल सत्ता आफ्नो सङ्कट र असफलतालाई ढाकछोप गर्न दमनमा उत्रिएको छ । सत्ताको मतियारीमा लागेका क्रान्तिविरोधीहरू र सरकारका केही आपराधिक प्रहरीहरूको गिरोहको साँठगाँठमा पार्टीविरुद्ध जेजस्तो खालका आपराधिक षड्यन्त्रहरू सुरु भएका छन्, त्यस्ता तत्वलाई क्रान्तिविरोधी गतिविधिमा नलाग्न र यही ढङ्गले अगाडि बढे अकल्पनीय परिणाम भोग्न तयार रहन गम्भीर चेतावनी दिन चाहन्छौँ ।'

अनुको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'गिरफ्तार क. विजय नेम्बाङलगायत सम्पूर्ण बन्दी साथीहरूलाई बिनासर्त अविलम्ब रिहा गरियोस् । अन्यथा जनप्रतिरोध सङ्घर्षलाई तीव्रता दिइनेछ जसबाट उत्पन्न हुने परिणामप्रति केपी-पीके प्रशासन नै जवाफदेही हुनुपर्नेछ ।'

## नेकपा नेता ...

श्रेष्ठ 'पुष्कर', माधव गौतम र रमेश खड्कालाई तत्काल थुनामुक्त गर्न माग गर्दै आइतबार बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परेको थियो ।

सोही रिटमाथि मङ्गलवार भएको सुनुवाइपछि न्यायाधीश डा. मनोजकुमार शर्माको एकल इजलासले उनीहरूलाई पक्राउ गर्नुको कारणसहित आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक तीन दिनभित्र बन्दीसहित लिखित जबाफ पेस गर्न आदेश दिएको हो ।

रिट निवेदकका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखेल र दयाराम पोखेलले बहस गरेका थिए ।

## प्रतिबन्धका बाबजुद ...

योजनामा देशैभरि भेला सम्मेलन गर्ने योजना रहेको बताए। भेला सम्मेलनका लागि सम्पर्क मञ्च अभियानात्मक ढंगले लागि परेको अध्यक्ष रत्न मगरले बताए।

## फासिवादका बाबजुद ...

हुने प्रस्ट पारे ।

लामो समयदेखि पार्टीको अविश्वासमा परी निष्क्रिय भएका र केही स्वास्थ्य समस्या देखाउँदै पार्टीको वर्तमान भूमिकामा रहन सक्दैनौं भन्नेहरू पार्टी छोडेर बाहिर जानु स्वाभाविक भएको उनले बताए । वर्गसङ्घर्ष घनीभूत हुँदै जाँदा कोही पनि लडाइँबाट अछुतो नरहने उनको भनाइ थियो । जनताका लागि लडेर महान् योद्धा र मरेर महान् सहिद हुने वा प्रतिक्रियावादी बनेर गद्दार हुने भन्ने प्रश्न गर्दै उनले आफ्नो पार्टी कुनै पनि हालतमा प्रचण्डहरूसँग समाहित नहुने प्रस्ट पारे । त्यो असम्भव र काल्पनिक कुरा भएको दाबी उनले गरे ।

एक कार्यक्रममा नेता पुनले भने, 'अब नेपालमा आम बुद्धिजीवीले देश र जनताले भोगेको महँगी, भ्रष्टाचार, राष्ट्रघात, जनघात, अशान्ति, गरिबी, चर्को कर, राष्ट्रिय सम्पत्तिमाथिको लुटपाट र राज्यको सबै निकायमा देखिएको नोकरशाही प्रवृत्ति र सामाजिक फासिवादको विकल्प वैज्ञानिक समाजवाद नै हो भन्ने बहस चलाइसकेका छन् । त्यसकारण अब दलाल पुँजीवादको असफलता पुष्टि भैसकेकाले क्रान्ति नै त्यसको एक मात्र विकल्प हो ।'

## कुमाल र भट्ट ...

खतिवडा र टङ्कबहादुर मोक्तानको इजलासले कुमाल र भट्टलाई राजनीतिक आस्थाका अधारमा पक्राउ गरिएको भन्दै रिहा गर्न आदेश दिएको थियो ।

नेता योगेन्द्र कुमाल र कपिल भट्टलाई यसअघि तनहुँ जिल्ला प्रशासन कार्यालयले धरौटी बुझाएर रिहा गर्न आदेश गरेलगत्तै प्रहरीले जिल्ला प्रशासन कार्यालयभित्रैबाट पुनः गिरफ्तार गरेको थियो । सरकार र गृह प्रशासनलाई नेता योगेन्द्र कुमाल र कपिल भट्टको स्थिति अविलम्ब सार्वजनिक गरी रिहा गर्न पनि परिवारजनले माग गरेका छन् ।

## बहसमा एकीकृत ...

दशकसम्म अपरिवर्तित रहनेछ (उही, पृष्ठ १८८) ।" क्रान्तिलगत्तै चीन पनि रुसजस्तै नै समाजवादमा जानुपर्छ भन्ने बहस चलिरहेको र पुँजीपति वर्ग संयुक्त मोर्चामा जान हिच्किचाइरहेको समयमा अध्यक्ष माओको उक्त धारणा अगाडि आएको थियो । संयुक्त मोर्चालाई प्रभावकारी बनाउनकै लागि नयाँ जनवादी गणतन्त्रको नारा दिइएको थियो । अध्यक्ष माओ भन्नुहुन्छ, "फासिवादको विरुद्ध साझा सङ्घर्ष चलाउनको निमित्त फासिस्टवादविरोधी संयुक्त मोर्चा चीनमा मात्र होइन, संसारभरि नै आवश्यक र सम्भव पनि छ । त्यसैले गर्दा हामी चीनमा एउटा राष्ट्रिय र जनवादी संयुक्त मोर्चा स्थापना गर्ने पक्षमा डटेका छौँ । यिनै आधारमा हामीले मजदुर -किसानको जनवादी अधिनायकतन्त्रको स्थानमा सबै वर्गहरूको एकतामा आधारित जनवादी गणतन्त्र स्थापना गर्ने प्रस्ताव अघि सारेका हौँ । (माओ त्सेतुङका चुनिएका रचनाहरू, भाग २, पृष्ठ २५, अनुवाद : खगेन्द्र सङ्ग्रौला, विश्व नेपाली पुस्तक सदन, काठमाडौं, २०५८)" नेपालमा वैज्ञानिक समाजवादी क्रान्तिको नाराले नै मित्रशक्तिहरूको घेरालाई फराकिलो पार्न सकिन्छ । यसमा नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्ति दुवैका विशेषताहरू रहन्छन् । चीनमा त्यसो गर्न सम्भव भएको थियो र नेपालमा पनि सम्भव हुन्छ । अध्यक्ष माओ भन्नुहुन्छ, "यसमा (चिनियाँ क्रान्तिको अभिभारा) पुँजीवादी जनवादी क्रान्ति (नौलो जनवादी क्रान्ति) र सर्वहारा समाजवादी क्रान्ति अर्थात् क्रान्तिका वर्तमान र भावी दुवै चरणहरू समावेश भएका छन् । (उही पृष्ठ २९०) ।" चिनियाँ अर्थप्रणाली (आधार) मूलतः समाजवादी भएपछि अधिरचना (राज्यव्यवस्था) कसरी पुँजीवादी जनवादी थियो त ? प्रश्न उठाउन सकिन्छ । सारतत्त्वमा चीनको अर्थतन्त्र सुरुमै समाजवादी चरित्रको थियो र निजी स्वामित्वलाई जनतामाथि प्रभुत्व कायम नगर्ने हदसम्म स्वतन्त्रता दिइएको थियो । अध्यक्ष माओ भन्नुहुन्छ, "सर्वहारा वर्गको नेतृत्वमा चल्ने नौलो जनवादी गणतन्त्रमा राजकीय उद्योग प्रतिष्ठानहरूको स्वरूप समाजवादी हुनेछ र त्यो समस्त राष्ट्रिय अर्थव्यवस्थाको नेतृत्वदायी शक्ति हुनेछ । तर यस गणतन्त्रले सामान्य पुँजीवादी निजी सम्पत्तिचाहिँ हरण गर्नेछैन र जनजीविकामाथि प्रभुत्व कायम नगर्ने खालको पुँजीवादी उत्पादनको विकासमा बन्देज लगाउनेछैन किनभने चीनको अर्थव्यवस्था ज्यादै पिछडिएको छ (उही, पृष्ठ ३१२) ।" चीनमा राजनीतिक व्यवस्था छनोट गर्दा समाजवादी व्यवस्थाको निर्माणमा अवरोध नहोस् र संयुक्त मोर्चा सुदृढ होस् भन्ने कुरालाई केन्द्रमा राखिएको थियो । त्यसो गर्न सकिएन भने वलिदानको उपलब्धि कमजोर हुनजान्छ । यस सम्बन्धमा अध्यक्ष माओ भन्नुहुन्छ, "चीनमा पहिलेका सबै क्रान्तिकारी सङ्घर्षहरूले यति कम उपलब्धि हासिल गर्नुको कारण के थियो भने ती सङ्घर्षहरू शत्रुमाथि हमला गर्नको लागि सच्चा मित्रहरूसित एकताबद्ध हुन सकेनन् (माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग १, पृष्ठ १, नेपाली संस्करण) ।" पार्टी, सेना र संयुक्त मोर्चालाई सुदृढ गर्न अनुकूलता हुने गरी कार्यदिशा निर्धारण गर्नुपर्छ । त्यसैले यो विषयक्रममा बहस बढाउनुपर्छ । त्यस अर्थमा बहसको महत्त्व छ । तर अपेक्षाकृत बहस भएका छैनन् । बेवास्ता र पूर्वाग्रह समाधान होइन !

**(छ) नयाँ कार्यदिशा खोजीको प्रश्न**

आजसम्म जति पनि देशहरूमा सर्वहारा वर्गले क्रान्ति त्यो कुनै पनि देशमा कार्यदिशाहरू हुबहु दोहोरिएका छैनन् । भौगोलिक विविधता, वर्गहरूको स्थिति, समय, समाज विकासको स्तर, शोषणको रूप, परम्परा र मनोविज्ञान, शक्ति सन्तुलनको स्थिति अनेक पक्षमा रहेका विविधताको कारणले कार्यदिशामा पनि विविधता अपनाउनु परेको छ । यस सम्बन्धमा लेनिन भन्नुहुन्छ, "पूर्वेली देशहरूमा जसको जनसङ्ख्या रुसको भन्दा कता हो कता धेरै छ र जसको सामाजिक स्थितिमा कता हो कता विविधता छ अब जुन क्रान्तिहरू हुनेछन् निःसन्देह तिनमा रुसी क्रान्तिको दाँजोमा कता हो कता बढी विशिष्टताहरू प्रकट हुनेछन् भन्ने कुरा हाम्रा युरोपेली कूपमण्डुकहरू देख्न पनि सक्दैनन् (लेनिन सङ्कलित रचनाहरू, भाग ८, हाम्रो क्रान्तिबारे, नि सुखानोभका टिप्पणीहरूको प्रसङ्ग, पृष्ठ ११३) ।" लेनिनले चिनियाँ क्रान्तिलाई रुसी चस्माले हेर्न नहुने जिकिर गर्नुभएकै नेपाली क्रान्तिलाई चिनियाँ चस्माले हेर्नु प्रत्युत्पादक हुनसक्छ । ऐतिहासिक अनुभवहरू 'ऐतिहासिक परिस्थितिहरूमा निर्भर' रहेका हुन्छन् । २४ जुन १८७२ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्रको जर्मन संस्करणमा कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सो कुरा बताउनु भएको थियो ।

हामीले चिनियाँ अनुभवलाई परित्याग गर्न होइन कि अझ दह्रोसँग समात्न यो बहस गरिरहेका हौँ । अध्यक्ष माओ भन्नुहुन्छ, "मार्क्सवाद लेनिनवाद वस्तुगत यथार्थबाट जन्मेको र त्यसैको कसीमा जाँचिएको सबभन्दा सही वैज्ञानिक र क्रान्तिकारी सत्य हो । तर मार्क्सवाद लेनिनवादको अध्ययन गर्ने धेरै मानिसले यसलाई निष्प्राण सूत्र ठान्छन् । यसरी तिनले सिद्धान्तको विकासलाई अवरुद्ध पार्दछन्, आफू र अरू कमरेडहरूलाई हानि गर्छन् (माओ सङ्कलित रचना, भाग ३, कार्यशैली सुधार गर, पृष्ठ २३) ।" हामी कार्यदिशाको प्रश्नमा ऐतिहासिक अनुभव र नेपाली विशिष्टता ख्याल गरेर पाइला चालिरहेका छौँ । त्यसक्रममा 'एकीकृत जनक्रान्ति' कार्यदिशा प्रस्ताव गरिएको हो । हामी त्यसका लागि कार्यान्वयनका लागि इमानदार प्रयास गरिरहेका छौँ ।

आजसम्म जति पनि क्रान्तिहरू भएका छन्, तिनीहरूको बाटो सुरुमा शतप्रतिशत देख्न सम्भव भएको छैन । भी.आई.लेनिन भन्नुहुन्छ, "कुनै पनि क्रान्तिको बाटो सुरुदेखि नै पूरापूर देख्न सकिँदैन र अनेकपटक अन्धकारमा पाइला चाल्नुपर्नेछ । अँध्यारामा छामछामछुमछुम गर्नुपर्नेछ तर अघि लम्कने तरिका चाँहि यही नै हो (क. गोन्जालोका विचारहरू, पृष्ठ १२१, पेरूको क्रान्ति समर्थक समिति, नेपाल, पुस २०४९) ।" भौतिक विज्ञानमा गरिने आविष्कार पनि जित-हार तथा प्रयोगमा हाम्फालेर गरिने खोज-अनुसन्धान हो । कार्ल हेनरिक मार्क्स भन्नुहुन्छ, "जिल्ले कुरामा एकदमै सुनिश्चित भई सारा समस्याहरू हल गरेर क्रान्तिको थालनी गर्न पाए कति सजिलो हुँदो हो । यसो हुनु सजिलो हुँदो हो तर क्रान्ति भने यस्तो हुँदैन । समस्याचाँहि यसप्रति प्रतिबद्ध हुनु र यसलाई अघि बढाउनु नै हो, पछि हामीले जस्तोसुकै मूल्य चुकाउनु परोस् र जस्तोसुकै प्रयास गर्नु परोस् (उही, पृष्ठ १२१) ।" क्रान्ति अपार सम्भाव्यता, चुनौती र अनिश्चितताले भरिएको महासागर हो । त्यसका सम्पूर्ण प्रश्नहरूको जवाफ समय अगाडि नै दिन कठिन हुन्छ । विज्ञानले सँधै इमानदार प्रयत्नको अपेक्षा गर्दछ । छलछाम, षडयन्त्र र पूर्वाग्रहको पीलो बोकेर वैज्ञानिक आविष्कार सम्भव हुँदैन । समाज विज्ञानको क्षेत्रमा पनि त्यो त्यत्तिकै सत्य हुन्छ ।

**निष्कर्ष**

वैज्ञानिक दृष्टिकोणको सबैभन्दा महत्त्वपूर्ण गुण के हो भने यो भावनात्मक दबाब र अन्ध आस्थावादी प्रवृत्तिहरूद्वारा परिचालित हुँदैन । यद्यपि उसका निष्कर्षहरूमा कमजोरी अथवा सीमाहरू हुन सक्छन् । आज विश्व कम्युनिस्ट आन्दोलनमा प्राधिकारपूर्ण नेतृत्वको अभाव छ । बहस केन्द्रित र आविष्कार मुखी छैनन् । जसरी भौतिक वैज्ञानिकहरूले नयाँ खोज प्रस्ताव हुनासाथ प्रयोगशाला वा प्रयोगद्वारा प्रमाणित नहुँदासम्म अध्ययनको विषय बनाउँछन्, त्यसरी नै कम्युनिस्ट आन्दोलन वा समाज विज्ञानमा नयाँ विचार वा बहसलाई अध्ययनको विषय बनाउन सकिन्छ । ने.क.पा.ले आफ्नो निर्धारित कार्यदिशा 'एकीकृत जनक्रान्ति' लाई व्यवहारमा उतार्ने प्रयत्न गरिरहेको छ ।

वैज्ञानिक समाजवादी क्रान्तिले नै नयाँ जनवादी क्रान्तिको कार्यभारसमेत पूरा गर्दै (निषेध होइन) अगाडि बढ्नेछ । मार्क्सवादमा भएको पूर्वज्ञानहरूको समुच्च आत्मसातीकरण, विज्ञानमा अर्थात् भौतिक विज्ञानमा भएको एकीकृत चरित्रको आत्मसातीकरण र समाज विज्ञानमा (यहाँ नेपाली समाज र क्रान्तिमा जोड हो) थप विकास नै 'एकीकृत जनक्रान्ति' कार्यदिशा र वैज्ञानिक समाजवादी व्यवस्था हो ।

ने.क.पा.को आठौँ महाधिवेशन (२०७३) ले नेपालमा नयाँ जनवादी क्रान्तिको साँधु हुँदै वैज्ञानिक समाजवादी क्रान्ति गर्ने, त्यसका लागि 'एकीकृत जनक्रान्ति' कार्यदिशा अवलम्बन गर्ने निर्णय गरेको छ । हालसम्म यसका सकारात्मक प्रभावहरू देखिएका छन् जसलाई पूर्ण रूपमा व्यवहारमा उतार्नु आजको दायित्व हो ।

# भीमदत्त नगरपालिकाको वडा कार्यालय भवनमा आगजनी र तोडफोड

**कञ्चनपुर** : नेपाल कम्युनिस्ट पार्टी कञ्चनपुरले बिहीबार भीमदत्त नगरपालिका वडा नं. १९ को वडा कार्यालय भवनमा आगो लगाउनुका साथै तोडफोड गरेको छ । विकास बजेटका नाममा आएको रकम हिनामिना तथा भ्रष्टाचार गरेको र पटकपटक भन्दा पनि अटेर गरेको कारणले सामाजिक दलाल फासिवादी, राष्ट्रघाती र जनघाती सत्ताका विरुद्ध भीमदत्त नगरपालिका वडा कार्यालयमा चेतावनीसहित आगजनीसँगै तोडफोडको कारबाही गरिएको नेकपा कञ्चनपुर जिल्लाले जनाएको छ ।

त्यसैगरी शुक्लाफाँटा नगरपालिका वडा नं. ७ का अध्यक्ष जगतबहादुर सिंहको कारमा अज्ञात समूहले आगो लगाएको छ । यस्तै लम्कीचुहा नगरपालिकाका मेयर महादेव बजगाईंको कार्यकक्षमा शनिबार राति आगजनी भएको छ । अज्ञात समूहले मेयर महादेव बजगाईंको कार्यकक्षमा आगजनी गरेको लम्की प्रहरीले जनाएको छ ।

# राजनलाई तत्काल रिहा नगरे सशक्त प्रतिरोध गर्ने चेतावनी

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी नारायणी ब्युरोले पार्टीका नारायणी ब्युरो सदस्य तथा पर्सा जिल्ला इन्चार्ज आतीश मिश्र 'राजन' लाई केपी-बादल गृह प्रशासनले वीरगन्जबाट बिनाकारण गरेको गिरफ्तारी र झुट्ठा मुद्दा लगाउने प्रपञ्चको निन्दा र भर्त्सना गरेको छ । ब्युरो इन्चार्ज मिलनले भदौ २६ गते विज्ञप्ति निकाली राजनलाई तत्काल रिहा नगरे सशक्त प्रतिरोध सङ्घर्ष गर्ने चेतावनी दिएका छन् ।

मिलनले विज्ञप्तिमा भनेका छन्, 'सामाजिक दलाल पुँजीवादी वली सरकारले देशमा भयानक राष्ट्रघात, जनघात, महँगी, भ्रष्टाचार र राज्यआतङ्क मच्चाइरहेको छ । त्यसै क्रममा २०७६ भदौ २६ गते बिहान ९ बजे पार्टीको नारायणी ब्युरो सदस्य तथा पर्सा जिल्ला इन्चार्ज आतीश मिश्र 'राजन' लाई वीरगन्जबाट गिरफ्तार गरेको छ । राजनीतिक कार्यकर्तालाई बिनाकारण गरिएको गिरफ्तारी र झुट्ठा मुद्दा लगाउने प्रपञ्चको हाम्रो पार्टी निन्दा र भर्त्सना गर्दछ । कमरेड राजनको तत्काल रिहाइको मागसमेत गर्दछ । अन्यथा पार्टीले सशक्त प्रतिरोध सङ्घर्षको घोषणा गर्नेछ र त्यसबाट उत्पन्न कुनै पनि परिणामको जवाफदेही सामाजिक दलाल फासिवादी सरकार नै हुनुपर्नेछ ।'

# अखिल क्रान्तिकारी डँडेल्धुराको ११ औँ जिल्ला सम्मेलन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) सेती-महाकाली ब्युरोअन्तर्गत डँडेल्धुरा जिल्लाको ११ औँ जिल्ला सम्मेलन सम्पन्न भएको छ । 'शैक्षिक विकृति विसङ्गतिका विरुद्ध हाम्रो आन्दोलन ! वैज्ञानिक समाजवादी शिक्षा र सुदृढ सङ्गठनका लागि ११ औँ जिल्ला सम्मेलन !' भन्ने मूल नाराका साथ सम्पन्न भएको सम्मेलनले शङ्कर खातीको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

कथित कम्युनिस्टद्वारा सञ्चालित दलाल सरकारले लगाएको प्रतिबन्धलाई खारेज गर्दै जिल्ला सम्मेलन भव्यतापूर्वक सफल भएको अखिल (क्रान्तिकारी) ले जनाएको छ । जिल्ला सम्मेलनले जिल्लामा हुने शैक्षिक क्षेत्रको आमूल रूपान्तरणका लागि निरन्तर सङ्घर्ष गर्ने निर्णयसहित शङ्कर खातीको अध्यक्षतामा १५ सदस्यीय जिल्ला समिति निर्वाचित गरिएको जानकारी गराउँदै क्रान्तिकारीले प्रेसविज्ञप्ति जारी गरेको छ ।

# गाउँपालिकाको गाडीमा आगजनी

**सल्यान** : सल्यानमा परिचय नखुलेको शक्तिले शिद्धकुमाख गाउँपालिकाको रा १ भ १७० नम्बरको गाडीमा आगजनी गरेको छ । गाउँपालिका अध्यक्ष चित्रबहादुर चलाउनेका अनुसार टाटा कम्पनीको ३७ लाख ३० हजार मूल्य पर्ने डबल क्याप स्कार्पियोमा अज्ञात शक्तिले आगो लगाएको हो । आगजनीबाट गाडीमा पूर्ण रूपले क्षति पुगेको छ ।

# पार्टी नीतिविपरीत गतिविधि गर्नेमाथि कारबाही

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी नारायणी ब्युरोले पार्टीको नीतिविपरीत गतिविधि गरेकाले नारायणी ब्युरो सदस्य तथा पर्सा जिल्ला इन्चार्ज आर्जनलाई निलम्बन गरेको छ। नारायणी ब्युरो इन्चार्ज मिलनले बिहीबार प्रेसविज्ञप्ति निकाली लामो समयदेखि पार्टी सम्पर्कमा नरहेका तथा पार्टी नीति, कार्यक्रम र अनुशासनविरोधी भूमिका निर्वाह गरिरहेका आर्जनलाई सम्पूर्ण पार्टी जिम्मेवारी र पार्टी सदस्यसमेत नरहने गरी अनिश्चित कालका लागि पार्टीबाट निलम्बन गरेका छन्।

ब्युरो इन्चार्ज मिलनले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टीको नेतृत्वमा एकीकृत जनाक्रान्ति कार्यदिशामार्फत वैज्ञानिक समाजवादी क्रान्ति शानदार ढङ्गले अगाडि बढिरहेको छ। क्रान्तिले स्वाभाविक रूपमा शक्तिशाली प्रतिक्रान्ति तथा प्रतिविद्रोहको सामना गर्दै अगाडि बढ्छ। दुस्मनको दमन र बलिदान सामना गर्नुपर्ने हुन्छ। क्रान्तिले बलिदान, शौर्य, स्वाभिमान, प्रतिरोध र महान् सपनाहरू उमारिरहन्छ। त्यसैगरी क्रान्तिले आत्मसुरक्षावादी कचरा पनि पैदा गर्दछ। यो पनि क्रान्तिको नियम हो। यही नियमअनुसार लामो समयदेखि पार्टी सम्पर्कमा नरहेका तथा पार्टी नीति, कार्यक्रम र अनुशासनविरोधी भूमिका खेलिरहेका नारायणी ब्युरो सदस्य तथा पर्सा जिल्ला इन्चार्ज आर्जनलाई सम्पूर्ण पार्टी जिम्मेवारी र पार्टी सदस्यसमेत नरहने गरी अनिश्चित कालका लागि निलम्बन गरिएको छ।'

# अखिल (क्रान्तिकारी) को चितवन अध्यक्षमा लामा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) नारायणी ब्युरोअन्तर्गत चितवन जिल्लाको प्रथम जिल्ला सम्मेलन सम्पन्न भएको छ। भरतपुर महानगरपालिकामा शनिबार रेम्बोर्जे लामाको संयोजकत्वमा ७ जनाको कार्यालय समिति रहने गरी २५ सदस्यीय सम्मेलन आयोजक समिति गठन भएको जनाइएको छ। त्यसअघि जिल्ला अध्यक्ष रहेका रमेश लामिछानेलाई विद्यार्थी सङ्गठनबाट बिदाइ गरिएको छ। उनलाई पार्टीको जिल्ला सञ्चार विभागको जिम्मेवारी दिइएको छ। भेलामा प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का नारायणी ब्युरो संयोजक मदन केसी, अतिथिहरू जिल्ला इन्चार्ज शार्दूल, जिल्ला सेक्रेटरी ध्रुव र फ्र्याक्सन इन्चार्ज रक्षालगायत विभिन्न जनवर्गीय सङ्गठनका अध्यक्षहरूको उपस्थिति थियो।

भेलामा संयोजक केसीले भने, 'हाम्रो सङ्गठनले यतिबेला दलाल सामाजिक फासिवादी सरकारले जनता र राष्ट्रमाथि गरेको अन्याय-अत्याचारका विरुद्ध सङ्घर्ष गरिरहेको छ। वैज्ञानिक समाजवाद ल्याउन अहिलेको दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थालाई पल्टाउन एकीकृत जनक्रान्तिको बाटो वैज्ञानिक र वस्तुवादी कार्यदिशा भएकाले विद्यार्थीहरू क्रान्तिको बाटोमा अविचलित अघि बढ्न आह्वान गर्दछु। समाजमा हरेक खालका विकृति-विसङ्गति बढ्दै गएको हुनाले अखिल (क्रान्तिकारी) ले त्यसका विरुद्ध सामाजिक सुरक्षामा खट्न र मालेमावादको रक्षा र विकाससँगै विज्ञान र प्रविधिलाई जोड्दै बाँकी क्रान्तिको अधुरो काम पूरा गर्नुपर्ने जिम्मा युवा विद्यार्थीको काँधमा आएको हुनाले सबै क्रान्तिकारीहरू तम्तयार भएर बस्नुपर्ने बेला आएको छ।'

त्यस्तै जिल्ला इन्चार्ज शार्दूलले निर्देशन दिँदै भने, 'वर्तमान केपी-प्रचण्डको कथित नामधारी कम्युनिस्ट सरकार भ्रष्टाचारीहरूको संरक्षण गर्ने, दलालहरूलाई लाइसेन्स दिने, राष्ट्रघाती र जनघातिलाई माया गरेर राखेकोले आजका क्रान्तिकारी विद्यार्थीहरूले भ्रष्टाचारी, राष्ट्रघाती र जनघातीलाई जनताको कठघरामा ल्याएर जनकारबाही गर्ने, भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारबाही गनुपर्छ।'

# नेकपा निकट युवा सङ्गठनको विशेष जिल्ला भेला

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल भेरी-कर्णाली ब्युरोअन्तर्गत विशेष जिल्लाको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। राष्ट्रघाती, जनघाती र फासिवादी राज्यका विरुद्ध युवाहरूले सशक्त प्रतिरोध गरौँ ! एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनाका लागि प्रथम भेला सफल पारौँ !! मूल नाराका साथ भेला सम्पन्न भएको हो।

भेलाका प्रमुख अतिथि युवा सङ्गठन नेपाल केन्द्रीय समितिका उपाध्यक्ष दिनेशले वर्तमान केपी-प्रचण्डको कथित नामधारी कम्युनिस्ट सरकार भ्रस्टाचारीहरूको संरक्षण गर्ने, दलालहरूलाई लाइसेन्स दिने, राष्ट्रघाती र जनघातीलाई माया गरेर राखेकाले आजका युवाहरूले भ्रष्टाचारी, राष्ट्रघाती र जनघातीलाई जनताको कठघरामा ल्याएर जनकारबाही गर्नुपर्ने बताए। उनले भ्रष्टाचारीलाई जहाँ देख्यो त्यहीँ कारबाही गर्न निर्देशन पनि दिए। वैज्ञानिक समाजवाद ल्याउन अहिलेको दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्थालाई पल्टाउन एकीकृत जनक्रान्तिको बाटो वैज्ञानिक र वस्तुवादी कार्यदिशा भएकाले युवाहरू क्रान्तिको बाटोमा अविचलित अघि बढ्न आह्वान गरे।

विशेष अतिथि तथा जिल्ला इन्चार्ज हिमशिखरले समाजमा विकृति-विसङ्गति वढ्दै गएकाले युवा सङ्गठनले त्यसका विरुद्ध सामाजिक सुरक्षामा खट्न र मालेमावादको रक्षा र विकाससँगै विज्ञान र प्रविधिलाई जोड्दै बाँकी क्रान्तिको अधुरो काम पूरा गर्नुपर्ने बताए। भेलामा जिल्ला सेक्रेटरी महेश, जनसरकार प्रमुख सन्देश युवा सङ्गठन नेपालका केन्द्रीय सदस्य दीपले शुभकामना मनतव्य दिएका थिए।

कार्यक्रमको अध्यक्षता तिलक पौडेलले गरेका थिए भने सञ्चालन सिद्धार्थले गरेका थिए। भेलाले तिलकको अध्यक्षतामा ११ सदस्यीय समिति सर्वसम्मत निर्वाचित गरेको छ।

# नेकपाकी बर्दिया इन्चार्ज चलाउनेसहित दुईजना गिरफ्तार

**बर्दिया** : नेपाल कम्युनिस्ट पार्टी बर्दिया जिल्लाकी इन्चार्जसहित दुईजना गिरफ्तार भएका छन्। जिल्ला इन्चार्ज मीना चलाउने र अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य लोकेश जोशीलाई बाँसगढी नगरपालिका ९ माछागढबाट प्रहरीले गिरफ्तार गरेको हो। पञ्चदेवल विनायक नगरपालिका ४ अछामकी ३८ वर्षीया धामी र जोशीपुर गाउँपालिका १ कैलालीका २३ वर्षीय जोशीलाई बिहीबार साँझ गिरफ्तार गरिएको प्रहरी निरीक्षक लक्ष्मण ओलीले बताए।











## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ